का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ साउन २०८२,
बुधबार
23 July, 2025
Wednesday

मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# ओलीलाई तेह्र्याउन विद्यामाथि अंकुश !

एमालेमा केपी शर्मा ओलीले पछिल्लो दशकयता पार्टीमा एकछत्र प्रभुत्व जमाइरहेका छन् । त्यसलाई ब्रेक लगाउने गरी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी अगाडि बढ्न खोजेपछि एमाले राजनीति तरंगित बनेको हो ।



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ६ साउन ।

नेकपा एमालेको केन्द्रीय कमिटीको बैठकमा मुख्यत: तीन वटा विषय उठेका छन् । पहिलो ७० वर्षे उमेरहदको विषय, दोस्रो एकै पदमा तीन कार्यकाल रहन पाउने कि नपाउने र तेस्रो संवैधानिक जिम्मेवारीमा गएकाहरूको सदस्यता नवीकरणमा के गर्ने ? खासगरी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरणको विषयमाथिको बहसमा तेस्रो विषय आएको हो । तर छलफलको सारमा भने भण्डारीको राजनीतिक सक्रियताकै विषय प्रधान गरी उठ्यो ।

जनमतका हिसाबले नेकपा एमाले सबैभन्दा ठूलो दल हो । यसको ११औं महाधिवेशन आउन करिब डेढ वर्ष बाँकी छ । महाधिवेशन आउन डेढ वर्ष बाँकी हुँदै नेतृत्वको बहसले पार्टीको अन्य एजेन्डा ओझेलमा परेको छ । अध्यक्ष ओली पक्षधरले ओलीलाई नै अध्यक्षमा

पृष्ठ २ मा

# कुलिङ पिरियडमा दोहोरो नीति

एकातिर २ वर्ष कुलिङ अफ पिरियड राख्ने गरी प्रतिनिधि सभाबाट निजामती सेवा विधेयक पारित गर्न भूमिका खेल्ने अर्कोतिर कर्मचारीको दबाबअनुसार यो प्रावधान हटाउने गरी राष्ट्रिय सभामा संशोधन हाल्ने नेकपा एमालेको दोहोरो नीतिले उसको भूमिकामाथि नै प्रश्न उठाएको छ ।



कुलिङ अफ पिरियडमा जसले दायाँ-बायाँ गर्न खोज्छ, ख्याल गरे हुन्छ, २०८४ धेरै टाढा छैन ।

**नारायण दत्त भट्ट**
**सांसद, नेपाली कांग्रेस**



सञ्चारमन्त्री कुलिङ अफ पिरियड चाहियो भन्नुहुन्छ । एमालेकै माननीयहरू चाहिँदैन भन्नुहुन्छ । खास धारणा के हो ?

**रेणु चन्द**
**सांसद, नेकपा माओवादी केन्द्र**



निजामती विधेयकमा सबैले संशोधन हालेका छौं । तीमाथि संसदीय समितिमै छलफल गरौंला ।

**गोपाल भट्टराई**
**सांसद, नेकपा एमाले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ साउन ।

संघीय निजामती सेवा विधेकमाथि दफावार छलफल संसदीय समितिमा हुने भएको छ । मंगलबार बसेको राष्ट्रिय सभाको बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त 'संघीय निजामती सेवा विधेयकलाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भन्ने प्रस्ताव प्रस्तुत गरेकी थिइन् । जसलाई सभाले सर्वसम्मतरुपमा स्वीकार गरेको छ । योसँगै संघीय निजामती सेवा विधेकमाथि दफावार छलफल संसदीय समितिमा हुने भएको हो ।

संसदीय समितिमा विधेयक पठाउनुअघि सभामा सांसदहरूले निजामती विधेयकमा रहेका कतिपय प्रावधानबारे धारणा राखेका थिए । खासगरी सभामा नेकपा एमालेका सांसदहरूले कुलिङ अफ पिरियडको प्रावधान नै नराख्ने गरी राखेको संशोधनको विषयले चर्चा पायो ।

कुलिङ अफ पिरियड भनेको सरकारी कर्मचारीका लागि राजीनामा दिएपछि वा अनिवार्य अवकाश पाएपछि निश्चित समयसम्म संवैधानिक, कूटनीतिक वा अन्य नियुक्ति लिन नपाउनेसम्बन्धी प्रावधान

पृष्ठ २ मा

# सशस्त्रका एसएसपीसहित ६ सय बढी कारबाहीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन ।

नेपालको अर्धसैनिक सुरक्षा निकाय सशस्त्र प्रहरी बलमा उच्च तहका अधिकृत एसएसपीसहित ६ सय ११ जनामाथि विभागीय कारबाहीको डण्डा चलाइएको छ । आर्थिक वर्ष २०८१/०८२ मा सशस्त्र प्रहरी बलका ६ सय ११ जना कर्मचारीलाई विभागीय कारबाही गरेको हो ।

प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) रवीन्द्रराज कर्णजितलाई यौन दुर्व्यवहारको आरोपमा विभागीय कारबाही गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ । संयुक्त राष्ट्रसंघको शान्ति स्थापनार्थ दक्षिण सुडानमा नेपाल फर्म्ड पुलिस युनिट (एफपीयू)मा कमान्डर खटिएका कर्णजितमाथि नर्वेजियन महिलालाई संवेदनशील अंगमा स्पर्श गरेको आरोप लागेको थियो । उक्त विषयमा राष्ट्रसंघकै पत्र आएपछि सशस्त्र

पृष्ठ २ मा



संगठनको नीति, आचारसंहिता र अनुशासनविपरीत काम गरेकाहरूलाई धमाधम विभागीय कारबाही हुँदै आएको छ

**कालिदास धौवजी**
**प्रवक्ता**
**सशस्त्र प्रहरी बल**

## वैदेशिक रोजगार विशेष

# कुवेतमा नेपाली घरेलु कामदारको बाढी

**मध्यान्ह संवाददाता**
कुवेत, ६ साउन ।

नेपालबाट प्रतिबन्धित घरेलु कामदारमा कुवेत जाने नेपाली महिलाको संख्यामा ६१ प्रतिशतले वृद्धि भएको देखिएको छ । नेपाल सरकारले असुरक्षित भन्दै घरेलु कामदारको श्रम स्वीकृतिमा प्रतिबन्ध लगाएको एक दशक पुग्न लागेको छ । तर कुवेतको घरेलु श्रम बजारमा पुगेका नेपाली महिला कामदारको संख्याले कुवेती अधिकारीहरू र सञ्चारमाध्यमहरू आश्चर्यमा परेका छन् । उनीहरूले कुवेतमा नेपाली महिला घरेलु कामदारको बाढी नै आएको टिप्पणी गरेका छन् ।

अरब टाइम्स अनलाइनले २१ जुलाईको अंकमा लेखेको छ, 'विगत एक वर्षमा घरेलु श्रमिकको अवस्थामा उल्लेखनीय परिवर्तनहरू भएका छन्, फिलिपिन्सका घरेलु कामदारहरूको संख्यामा तीव्र गिरावट आएको छ, विशेषगरी नेपाली र श्रीलंकाली कामदारहरूको संख्यामा ठूलो वृद्धि भएको छ ।

कुवेत केन्द्रीय तथ्यांक ब्युरोको गत मार्च ३१ सम्मको तथ्यांक अनुसार ४४ हजार ८५ फिलिपिन्सका घरेलु कामदारहरूले कुवेत छोडेका छन् । अघिल्लो वर्षको सोही अवधिको तुलनामा लगभग २१ हजार नेपाली र १४ हजार श्रीलंकाली घरेलु श्रम क्षेत्रमा प्रवेश गरेका छन् ।

नेपाली कामदारहरू मात्र वर्षभरि ६१ प्रतिशतले बढेका छन् । कुवेत केन्द्रीय तथ्यांक ब्युरोको प्रतिवेदनले माली र बेनिनबाट पनि घरेलु कामदारहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको उल्लेख गरेको छ । मालीबाट आउने महिला कामदारहरूको संख्या दोब्बर भएको छ । भारतीय पुरुष घरेलु कामदारहरूको संख्या भने ३५ हजारभन्दा बढीले घटेको छ ।

नेपाल सरकारले खाडी मुलुकमा घरेलु कामदार पठाउन प्रतिबन्ध लगाएपछि अवैध बाटोबाट पठाउने मानव तस्करहरू मालामाल बनिरहेको घरेलु कामदार सरोकार समाजका अध्यक्ष किसन प्रधान बताउँछन् । कुवेतमात्रै नभइ खाडीका सबै मुलुकमा गरी एक लाखभन्दा बढी नेपाली महिला रहेको आंकलन गरिएको छ । उनीहरूमध्ये कयौं श्रम स्वीकृति बेगर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै उडेका छन् । उनीहरूलाई पठाउन ट्राभल एजेन्सी र होटलवालाहरूले सबै मिलाउने गरेको र विमानस्थलमा कुनै सोधखोज नहुने गरेको बताइन्छ ।

नेपाली महिलालाई खाडी मुलुकमा पुऱ्याउन त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल अध्यागमनका तत्कालीन कर्मचारी

पृष्ठ २ मा

## गणतान्त्रिक मञ्चद्वारा श्रममन्त्री भण्डारीलाई सम्मान



**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई सम्मान गरेको छ । मञ्चले मंगलबार मन्त्रालयमा एक कार्यक्रम आयोजना गरेर भयमुक्त वातावरणमा पेशा व्यवसाय सञ्चालन गर्न बाधकका रूपमा रहेको संख्या सय समस्या समाधानका लागि अमूल्य योगदान पुऱ्याएको भन्दै श्रममन्त्री भण्डारीलाई सम्ममा गरेको

पृष्ठ २ मा

# सरकारप्रति गगनको असन्तुष्टि



**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन ।

एक वर्षअघि आफैंले समर्थन गरेर बनाएको एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारप्रति नेपाली कांग्रेसका नेताहरूले असन्तुष्टि जनाएका छन् । नेताहरूले सरकारको एक वर्षको समीक्षा गर्दै सरकारको कार्यशैलीको आलोचना गरेका हुन् ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सरकारको एक वर्ष त्यसैखेर गएको बताएका छन् । दुई ठूला कांग्रेस-एमाले पार्टी मिलेर बनेको शक्तिशाली सरकारले एक वर्ष त्यसै खेर फालेको टिप्पणी गर्दै उनले प्रधानमन्त्री ओली सरकार टिक्नु नै ठूलो कुरा हो भनेर बसिरहेको बताएका हुन् ।

भरतपुर विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले भने, 'कांग्रेस र एमाले मिलेर बनेको यो सरकारले जुन लाभ प्राप्त गर्नुपर्ने हो त्यसमा हामी नराम्रोसँग चुकेका छौं । केपी ओलीले सरकारको नेतृत्व गरिराख्नुभएको छ, हामी त्यसको साझेदार छौं । मेरो चिन्ता एक वर्ष खेर गइसक्यो, अर्को एक वर्ष खेर नफालौं ।'

यद्यपि, उनले सत्ता गठबन्धनमा कुनै खटपट भएर आफूले यस्तो नभनेको दाबी

पृष्ठ २ मा

# कार्बन व्यापारसम्बन्धी नियमावली केही दिनभित्रै पास हुन्छ : मन्त्री ठकुरी

**काठमाडौं/मस**–वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले कार्बन व्यापार सम्बन्धी नियमावली अन्तिम चरणमा पुऱ्याएको र केही दिनभित्रै पास हुने बताएका छन् । मंगलबार नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

कार्बन सम्बन्धी नियमावली बनेपछि कार्बन व्यापारमा सहजता हुने उल्लेख गरे । उनले जलवायु परिवर्तनको असर विश्वभर नै ठूलो चुनौति बनेको बताए । यसका असरहरु विशेष गरी नेपाल जस्तो अल्पविकसित र संवेदनशील भू-बनावट भएको देशहरुमा बढी देखिन थालेको बताए । परिणमतः केही दिनअघि रसुवा, केही समयअघि हुम्लाको तिलागाउँ र मुस्ताङमा हिमताल विष्फोट भइ ठूलो क्षति व्यहोर्नुपरेको बताए । जलवायु परिवर्तनको जोखिम दिन प्रतिदिन बढिरहेको बताए ।



मन्त्री ठकुरीले भने, 'अहिलेको परिवेशमा जलवायु परिवर्तनले विश्वमा ठूलो चुनौति थपिएको छ । यसका असरहरु विशेष गरी नेपाल जस्तो अल्पविकसित र संवेदनशील भूबनावट भएको देशहरुमा बढी देखिन थालेको छ । यसै असर स्वरुप हामीले केही दिनअघि रसुवा, केही समयअघि हुम्लाको तिलागाउँ र मुस्ताङमा हिमताल विष्फोट भइ ठूलो क्षति व्यहोर्नुपरेको छ । तराई मधेसमा सुख्खा खडेरी छ । पानीको हाहाकार छ । यो सबै जलवायु परिवर्तनको परिणाम हो । यो अवस्था दिन प्रतिदिन बढ्दै जानेछ । वन तथा वातावरण मन्त्रालयले पहल र प्रयास गरिरहेको छ । एनडिसी ३ भर्खरै हामीले सार्वजनिक गरेका छौं, यो अहिले युएनएफसीसीसीमा पेश गरिसकेका छौं । कार्बन व्यापार सम्बन्धी नियमावली अन्तिम चरणमा पुऱ्याएका छौं । केही दिनभित्रै यो पास हुनेछ र यसले कार्बन व्यापारमा सहजता ल्याउनेछ ।'

मन्त्री ठकुरीले मधेसमा पानीको हाहाकार हुनु पनि जलवायु परिवर्तनकै असर रहेको बताए ।

# बीपीको योगदानको चर्चा

**सर्लाही/मस**–नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद (बीपी) कोइरालाको ४३औँ स्मृति दिवस सर्लाहीमा विभिन्न कार्यक्रम गरी मनाइएको छ । नेपाली कांग्रेस सर्लाहीको बसबरिया गाउँपालिकाद्वारा पार्टी कार्यालय भवानीपुरमा आयोजना गरिएको कार्यक्रममा नेता तथा कार्यकर्ताहरूले बीपी कोइरालाको योगदानको स्मरण गरेका थिए ।



पार्टी सभापति लालबाबु महतोको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेश कांग्रेस उपसभापति, संगठन विभाग प्रमुख तथा पूर्वमन्त्री वीरेन्द्र प्रसाद सिंह प्रमुख अतिथि रहेका थिए ।

नेता सिंहले बीपी कोइरालाको तस्बिरमा माल्यार्पण गर्दै नेपालमा प्रजातन्त्र स्थापनाका लागि उनले खेलेको भूमिकालाई स्मरण गरेका थिए । उनले भने, 'वि.सं. २०३९ साउन ६ गते निधन हुनुभएका बीपी कोइरालाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा अतुलनीय योगदान पुऱ्याउनुभयो । उहाँ नेपाली साहित्यका क्षेत्रमा पनि महत्वपूर्ण योगदान दिने महान् व्यक्तित्व हुनुहुन्थ्यो ।'

वि.सं. १९७१ भदौ २४ गते जन्मिएका कोइराला २०१५ सालको संसदीय निर्वाचनपछि वि.सं. २०१६ जेठमा नेपालका पहिला जननिर्वाचित प्रधानमन्त्री बनेका थिए ।

बीपी कोइराला नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक मानिन्छन् । उनका 'तीन घुम्ती', 'मोदी आइन', 'हिट्लर र यहुदी', 'सुम्निमा', 'नरेन्द्रदाइ' र 'बाबु, आमा र छोरा' लगायत छ वटा उपन्यास र 'श्वेत भैरवी', 'दोषी चस्मा' जस्ता कथा संग्रह प्रकाशित छन् ।

कार्यक्रममा पूर्व गाउँपालिका अध्यक्ष राम अयोध्या यादव, महासमिति सदस्य राम बाबु राय, युवा नेता गजेन्द्र साहलगायत नेताहरूको उपस्थिति रहेको प्रचार प्रसार विभाग मधेश प्रदेशका सचिव निकेश त्रिपाठीले जानकारी दिए ।

# जंगली च्याउ खाँदा बालकको मृत्यु, ३ जनाको अवस्था गम्भीर

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, ६ साउन



जंगली च्याउ खाँदा रुकुमपूर्वमा एक बालकको मृत्यु भएको छ भने उनकी आमा र दुई दिदी गम्भीर बिरामी परेका छन् । भूमे गाउँपालिका-५, सेराबाङका ३ वर्षीय योजन सुनारको उपचारको क्रममा मृत्यु भएको हो । योजनसँगै च्याउ खाएका उनकी आमा ३५ वर्षीया राजकुमारी सुनार, ९ वर्षीया छोरी आयुषा सुनार र ६ वर्षीया भाग्यरेखा सुनार गम्भीर बिरामी परेका छन् । परिवारका सबै सदस्यले शुक्रबार साँझ जंगलबाट ल्याएर पकाइएको च्याउ खाएका थिए । त्यसपछि उनीहरूलाई ज्वरो, वान्ता, टाउको दुख्ने जस्ता लक्षण देखिन थालेका थिए ।

स्वास्थ्य अवस्था बिग्रँदै गएपछि परिवारलाई सोमबार बिहान रुकुमपूर्व अस्पताल लगिएको थियो । अवस्था चिन्ताजनक देखिएपछि अस्पतालले योजन, भाग्यरेखा र राजकुमारीलाई थप उपचारका लागि सल्यान अस्पताल रेफर गरेको थियो ।

तर, सल्यानमा उपचारकै क्रममा मंगलबार दिउँसो योजन सुनारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, रुकुमपूर्वका प्रहरी नायब उपरीक्षक उमाशंकरप्रसाद यादवले जानकारी दिए ।

डीएसपी यादवका अनुसार भाग्यरेखाको अवस्था गम्भीर रहेकोले उनलाई दाङस्थित अस्पताल पठाइएको छ । अर्की छोरी आयुषा भने रुकुम पश्चिम रेफर गरिएको जनाइएको छ ।

## ओलीलाई...

तेहऱ्याउन भण्डारीमाथि माथि अंकुश लगाउने गरी विधान नै बनाउने प्रस्ताव गरेका छन् ।

पार्टी उपाध्यक्ष र साधारण सदस्यबाट राजीनामा दिएर २ कार्यकाल राष्ट्रपति बनेकी विद्यादेवी भण्डारी एकाएक पार्टीको सक्रिय राजनीतिमा हामफालेपछि उत्पन्न परिस्थितिमा भण्डारीमाथि माथि अंकुश लगाउने गरी विधान संशोधन गर्न खोजिएको हो ।

एक हप्तादेखि चलेको पार्टीको सचिवालय, पोलिटव्युरो र केन्द्रीय कमिटीको बैठकमा मुख्यतः भण्डारीको सक्रिय राजनीति, उनको सदस्यता नवीकरण, पार्टी विधानमा भएको नेतृत्वको लागी २ कार्यकाल र ७० वर्ष उमेरहदको विषयले नै विशेष प्राथमिकता पाउनु र अन्तिममा भण्डारीमाथि माथि अंकुश लगाउने प्रयास हुनुले एमालेभित्रको राजनीति तरंगित बनेको हो ।

मंगलबार पत्रकारहरूसँग भेटघाट गरेकी भण्डारीले एमालेभित्र वैचारिक विचलन, गुटबन्दी र विचारहीनता बढेको सन्देशसहित आफ्नो निर्णयबाट पछि नहट्ने दृढता देखाएकी छन् ।

आफू राजनीतिमा आउने विषयलाई लिएर कोहीपनि भयभीत नहुन आग्रह गरेकी छन् । 'बरु मेरो पक्षमा बोल्नेहरुलाई आतंकित पार्न खोजिदैछ, यस्तो बन्द गर्नुपर्छ', भण्डारीले एमाले अध्यक्ष ओलीप्रति लक्षित गर्दै भनेकी छन् ।

भीम रावल,घनश्याम भुसालसहित दर्जनौं नेतालाई ओलीले कारबाही परेपछि पार्टीको शक्ति क्षयिकरण बन्दै गएको परिस्थितिमा पूर्वराष्ट्रपति भण्डारीले त्यसलाई सम्हालेर नेपालमा ठूलो कम्युनिष्ट पार्टी निर्माणको जग हाल्ने हिम्मत गर्ने प्रयास गरेको भण्डारी निकट एमाले स्थायी कमिटी सदस्य कर्णबहादुर थापाले बताए ।

पार्टीमा सँधै एकै व्यक्तिले कब्जा गर्ने प्रबृत्ति हावी हुँदा पार्टीमा विग्रह उत्पन्न भएको कुरालाई ख्याल गर्दै नयाँ नेतृत्वको विकासमा नेताहरू लाग्नुपर्ने उनले बताए ।

प्रधानमन्त्री समेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओलीकै मुख्य सहयोगमा राज्यको सर्वोच्च निकाय राष्ट्रपति बनेकी भण्डारी पार्टी राजनीतिमा फर्किएसँगै आगामी नेतृत्वको तयारीमा जुटेकी छन् । अध्यक्ष ओलीले यसलाई सिधै अस्वीकार गर्दै भण्डारीलाई रोक्न पार्टी सदस्यता नवीकरणमाथि नै बन्देज लगाउने प्रयास गरेका छन् ।

कुनै समय अध्यक्ष ओलीकै गोटी बनेर सबै निर्णलाई हुबहु पारित गर्दै आएकी भण्डारीले उनै ओलीलाई टक्कर दिने संकेत गरेपछि सशंकित ओलीले पार्टीमा उनलाई रोक्नका लागी पूर्वराष्ट्रपति/उपराष्ट्रपति लगायत विशिष्टहरूलाई सक्रिय राजनीतिमा आउने बाटै बन्द गरेर जाने नीति लिएका छन् । यसमा विद्याले आफ्नो रणतीति कसरी बनाउँछिन भन्ने कौतुहलता आम कार्यकर्तामा जागेको छ । पार्टीले उनको सदस्यतामै बन्देज गरिदिएको खण्डामा एमाले राजनीतिबाट अघि बढ्ने भण्डारीको च्याप्टर क्लोज हुने एमालेका एकाथरि नेताहरू बताउँछन् । पार्टीले त्यस्तो अप्रिय निर्णय गरे उनले बिद्रोह गर्छिन कि चुपचाप पाखा लाग्छीन त्यो महत्वपूर्ण प्रश्न उब्जिएको छ । भण्डारीलाई रोक्ने निर्णय भए उनीसँग माधव नेपाल सहित एमालेबाट बिद्रोह गरेका नेताहरू र एमालेभित्रकै ओलीसँग असन्तुष्ट नेताहरूलाई लिएर नयाँ राजनीतिक गन्तव्यको रणनीति बनाउन सक्ने आँकलन पनि राजनीतिक बृत्तमा चर्चा हुन थालेको छ ।

बैठकमा अधिकांश ओली निकटका नेताहरूले आगामी ११औं महाधिवेशनमा नेतृत्वका लागी वर्तमान अध्यक्ष तथा प्रधानमन्त्री ओलीको विकल्प नभएको दाबी गरेका छन् । ९औं महाधिवेशनबाट पार्टीको मूल नेतृत्वमा पुगेका ओली आफैले विधानमा २ कार्यकाल र ७० वर्ष उमेरहदको व्यवस्था समेत ल्याएका थिए । अहिले आएर उनी आफैले ल्याएको उक्त व्यवस्थाको खारेज गर्दै ११औं महाधिवेशनमा तेस्रो पटक पार्टी अध्यक्ष बन्ने योजनामा छन् । ओली नेतृत्वमा आएपछि पार्टीमा गुटको करिव अनत्य गरी आफ्नो सम्पूर्ण संगठन आफ्नो पकटमा राखेका थिए । तर, उनको स्वच्छाचारी शैलिका कारण एमाले विभाजना समेत भएको छ ।

चालु केन्द्रीय कमिटी बैठकमा पूर्व राष्ट्रपतिको पार्टी सदस्यता नवीकरण र पार्टीमा प्रवेश गर्ने कुरालाई अधिकांश केन्द्रीय सदस्यले उठाएको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए । उनले भने, 'नेपालको संविधानको भाग-६ र धारा-६१ मा राष्ट्रपतिको व्यवस्था गरिएको छ । धारा-६१ को २ मा राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुने छ भन्ने कुरा सुनिश्चित गरिएको छ । ६१ को ३ मा राष्ट्रिय एकताको प्रतीक हुने छ भनिएको छ । धारा-६१ को ४ मा संविधानको पालक र संरक्षक हुने व्यवस्था गरिएको छ । यस हिसाबले राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ भनेर संविधानमा उल्लेख छ ।' उनले पूर्वराष्ट्रपति राजनीतिमा आउने कुरा सामान्य नभएकाले महत्त्वपूर्ण राजनीतिक निर्णय गर्नुपर्ने बताएका छन् ।

यद्यपि भण्डारीले यसलाई अस्वीकार गरेकी छन् । उनले आफू एमालेको सक्रिय राजनीतिमा आइसकेको भन्दै पछि नहट्ने प्रष्ट पारिन । आफ्नै निवास भंगालमा पत्रकारहरुसँग कुरा गर्दै भण्डारीले महाधिवेशन नआई नेतृत्वको बहस गराएर कार्यकर्ता विभाजित गर्न खोजिएको समेत नेतृत्वमाथि आरोप लगाइन् । जिल्ला र प्रदेशदेखि नै ग्रुपिजम गरेर कार्यकर्तालाई आतंकित पार्ने र बोल्न नदिने प्रयास भइरहेको भन्दै भण्डारीले भनेकी छन, 'मैले कठिन समयमा पार्टी र महिला आन्दोलन हुँदै देशको नेतृत्व गरेको हुँ, 'मेरो राजनीतिक सक्रियतालाई लिएर अनावश्यक विवाद उचाल्न खोजिनु राम्रो होइन् ।'

१ वैशाख २०८१ मा एमाले सदस्यता नवीकरण गरेको दाबी गर्दै भण्डारीले एमालेले सम्मानस्वरूप आफूलाई दिएको गणतान्त्रिक गौरवको सम्मानबारे पनि आफूले त्यसबेला प्रश्न उठाएको बताइन् । त्यो सम्मानबारे आफूले त्यसबेलै संशय व्यक्त गरेको उनको भनाई छ । 'विधान महाधिवेशन नभई र ११औँ महाधिवेशनको मिति नतोकिँदै नेतृत्वबारे चर्चा गर्नु अनुचित हो । पार्टीको जारी बैठकमा नीतिमा भन्दा नेतृत्वका लागि भएको बहस असान्दर्भिक छ,' उनले भनेकी छन् । पार्टी र देशलाई आवश्यक परे राजनीतिमा फर्किनुपर्छ भन्ने केपीकै विचारका आधारमा आफुले यस्तो निर्णय लिएको तर, अध्यक्षबाटै रोक्ने प्रयास गर्नु पार्टीहित विपरित भएको उनी निकटका नेताहरू बताएका छन् ।

## कुलिङ...

हो । प्रतिनिधि सभाबाट पारित भएको विधेयकमा कर्मचारीका लागि २ वर्ष कुलिङ अफ पिरियड लागू हुने व्यवस्था छ । तर, विधेयकमा रहेको कुलिङ अफ पिरियडको प्रावधान नै निश्कृय हुने भाषा प्रयोग भएको भनेर प्रश्न उठेको छ ।

कुलिङ अफ पिरियडको प्रावधानउपर उठेको प्रश्न निरुपण गर्न प्रतिनिधि सभामा संसदीय विशेष छानबिन समिति बनेको छ । नेपाली कांग्रेसका सांसद जीवन परियारको नेतृत्वमा गठित समितिले छानबिन गरिरहेको छ ।

संसदीय विशेष छानबिन समितिले छानबिन गरिरहेतापनि राष्ट्रिय सभामा विधेयक प्रक्रियामा अगाडि बढेको छ । यो विधेयकमाथि १६ समूहमा ४३ जना सांसदले संशोधन प्रस्ताव राखेका छन् ।

नेपाली कांग्रेसले कुलिङ अफ पिरियड २ वर्ष नै राख्नु उपयुक्त भनेर संशोधन राखेको छ । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले कुलिङ अफ पिरियडको अवधि ३ वर्ष पुऱ्याउने प्रस्ताव राखेको छ ।

तर, नेकपा एमालेले भने कुलिङ अफ पिरियडको प्रावधान नै नराख्ने गरी संशोधन हालेको छ । एमालेका सांसदहरू गोपाल भट्टराई, इन्दिरा देवी गौतम, रुक्मिणी कोइराला, सुमित्रा बि.सी र सोनाम गेल्जेन शेर्पाले यस्तो संशोधन हालेका हुन् । जसमाथि मंगलबार सभामा प्रश्न उठेको छ ।

सत्ता सहयात्री दल नेपाली कांग्रेसका सांसद नारायण दत्त भट्टकाअनुसार एकातिर २ वर्ष कुलिङ अफ पिरियड राख्ने गरी प्रतिनिधि सभाबाट निजामती विधेयक पारित गर्न भूमिका खेल्ने अर्कोतिर कर्मचारीको दबाबअनुसार यो प्रावधान हटाउने गरी राष्ट्रिय सभामा संशोधन हाल्ने एमालेको दोहोरो नीतिले उसको भूमिकामाथि नै प्रश्न उठाएको छ ।

आफ्नो संशोधन फिर्ता लिन एमालेलाई उनको आग्रह छ । 'कुलिङ अफ पिरियडमा हालिएका सबै संशोधन अगाडि बढेनन् भने यो गम्भीर विषय हुनेछ', सांसद भट्टले भनेका छन्, 'कुलिङ पिरियडमा जसले दायाँ-बायाँ गर्न खोज्छ, ख्याल गरे हुन्छ, २०८४ धेरै टाढा छैन ।'

माओवादी केन्द्रले त कुलिङ अफ पिरियडमा एमालेको धारणा नै मागेको छ । माओवादी केन्द्रकी सांसद रेणु चन्द प्रश्न गर्छिन, 'सञ्चारमन्त्री कुलिङ पिरियड चाहियो भन्नुहुन्छ । एमालेकै माननीयहरू यो चाहिँदैन भन्नुहुन्छ । खास धारणा के हो ?'

एमालेका सांसदहरू भने निजामती विधेयकमा परेका सबै संशोधनमाथि दफावार छलफलमै बहस हुने जवाफ फर्काउँछन् । एमालेका सांसद गोपाल भट्टराई भन्छन्, 'निजामती विधेयकमा सबैले संशोधन हालेका छौं । ती संशोधनमाथि संसदीय समितिमै छलफल गरौंला ।'

## सशस्त्रका...

प्रहरीले शान्ति मिसनबाट फर्केका कर्णजितलाई पाँच वर्षसम्म बढुवा रोक्का हुने गरी विभागीय कारबाही गरेको सशस्त्र प्रहरीका प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) कालिदास धौवजीले जानकारी दिए ।

यसअघि गत असारमा सशस्त्र प्रहरी बलको १५ नम्बर बाहिनी काभ्रेका प्रमुख एसपी प्रेम प्रसाइँमाथि विभागीय कारबाही भएको थियो । विपद्का बेला संगठनको नीतिविरुद्ध बढी जनशक्ति बिदामा छाडेको भन्दै प्रसाईँलाई कारबाही गरिएको हो । उनीविरुद्ध मातहतका कर्मचारीलाई दुर्व्यवहार गरेको र जनशक्तिको राम्रो परिचालन नगरेको समेत आरोप थियो ।

त्यस्तै सशस्त्रको बलम्बुस्थित गोदाममा आगालगी भएको घटनामा दुईजना सशस्त्र प्रहरी उपरीक्षक (एसपी) सहित ९ जनालाई विभागीय कारबाही गरेको छ । बलम्बुस्थित ९ नम्बर पशुपति बाहिनीका एसपीद्वय राजेन्द्र श्रेष्ठ र अर्जुन खत्रीलाई कारबाही गरेको बताइएको छ । सशस्त्र प्रहरी मुख्यालयले श्रेष्ठको चार वर्ष बढुवा रोक्का र खत्रीलाई नहिसहत दिएको धौवजीले मध्यान्हलाई बताए ।

सोही घटनामा लापरबाही गरेको भन्दै डीएसपी नारायण सेढाईं, इन्सपेक्टर गोपिराम श्रेष्ठ र पदमपाणीसहित ७ जनालाई नसिहत र एक वर्ष बढुवा रोक्का गरिएको थियो । २०८० चैत २६ गते गोदाममा आगलागी भएपनि मुख्यालयले छानबिन समिति गठन गरी समितिकै सिफारिसका आधारमा गत वर्ष साउनमा ९ जनामाथि कारबाही गरेको हो ।

सबैभन्दा धेरै कारबाहीमा पर्ने बागमती प्रदेशमा मात्रै एसएसपीदेखि जवानसम्म ५९ जना विभागीय कारबाहीमा परेका हुन् । जसमा एकजना एसएसपी, एकजना डीएसपी, दुईजना इन्सपेक्टर, १० जना सई, ९ जना असई, ८ जना वरिष्ठ हवल्दार, ९ जना हवल्दार, २० जना सहायक हवल्दार र ६५ जना जवान छन् ।

बागमती प्रदेशपछि मधेश प्रदेशमा कार्यरत सशस्त्र प्रहरी कर्मचारी कारबाही भोग्नेमा अगाडि छन् । मधेश प्रदेशमा दुईजना इन्स्पेक्टरदेखि जवानसम्म ४८ जना कर्मचारीले विभागीय कारबाही भोग्नुपरेको छ ।

मधेश प्रदेशमा विशेष गरी तस्करी खुलाएको, तस्करसँग उठबस गरेको आरोप सशस्त्र प्रहरी कर्मचारीहरूमाथि लाग्ने गरेको छ ।

त्यसपश्चात सुदूरपश्चिम, कोशी, लुम्बिनी, गण्डकी र कर्णाली प्रदेशमा कार्यरत सशस्त्रका कर्मचारीहरू विभागीय कारबाहीमा परेका छन् । सुदूरपश्चिममा १ सय ४ जना, कोशीमा ९३ जना, लुम्बिनीमा ८७ जना, गण्डकीमा ३८ जना र कर्णालीमा ३२ जना विभागीय कारबाहीमा परेको बताइएको छ । संगठनको नीति, आचारसंहिता र अनुशासनविपरीत काम गरेकाहरूलाई विभागीय कारबाही हुँदै आएको धौवजीले जानकारी दिए ।

## कुवेतमा...

र भारतको दिल्लीस्थित इन्दिरा गान्धी विमानस्थलमा तस्करमार्फत सेटिङ मिलाउने गरिएको पटक-पटक सार्वजनिक हुँदै आएको छ । खुलेआम मानव तस्करी हुँदा समेत वैधानिकरूपमा पठाउन पहल नहुनु गम्भीर चिन्ताको विषय भएको अध्यक्ष प्रधानले बताए ।

## गणतान्त्रिक...

हो । मञ्चले मुलुकको अर्थतन्त्रको मुख्य आधार वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित, मर्यादित एवं व्यवस्थित गराउन मन्त्री भण्डारीले दिएको योगदान अतुलनीय र प्रशंसनीय रहेको उल्लेख गरेको छ ।

त्यसैगरी मञ्चले वैदेशिक रोजगारका क्षेत्रमा रहेका अन्य समस्याहरूको पनि यथाशक्य छिटो समाधान गर्न माग गर्दै मन्त्री भण्डारीलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

मञ्चले विदेशस्थित नेपाली दूतावास र कूटनैतिक नियोगमा मागपत्र प्रमाणीकरण प्रक्रियामा देखिएका समस्या, परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागको अनलाइन प्रणालीमा आएको समस्या तथा प्रमाणीकरणमा अत्यधिक ढिलाइ जस्ता विषयले उब्जाएको कठिनाइ तत्काल समाधानका लागि पहल गरिदिन आग्रह गरेको छ ।

त्यसैगरी मञ्चले सेवाशुल्क परिमार्जन र वैदेशिक रोजगारीका लागि जापान जाने कामदारको भिसा र रोजगारदाता कम्पनीबाट रोजगार अनुमति पाइसकेको अवस्थामा नेपालमा स्थापित गैरसरकारी संस्था नेपाल जाइका अल्मनाई एसोसिएसन 'जान'ले प्रशिक्षार्थी कामदारमाथि भाषा परीक्षाको नाममा विगत १५ वर्षदेखि आर्थिक शोषण र अन्याय गरिरहेको भन्दै उक्त समस्याको पनि समाधान गर्न माग गरेको छ ।

जवाफमा श्रममन्त्री भण्डारीले सेवा शुल्क परिमार्जनलगायत सुधारका सबै क्षेत्र आफ्नो प्राथमिकतामा रहेको भन्दै व्यवसायीले वैदेशिक रोजगारमा जाने विपन्न वर्गका कामदारलाई सहुलियतपूर्ण अवस्था सिर्जना गर्न आग्रह गरेका थिए ।

अध्यक्ष धनलाल जैसीको नेतृत्वमा मन्त्रालय गएको मञ्च प्रतिनिधिमण्डलमा मञ्चका महासचिव तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कुन्छादोर्जे दिमदोङ, सचिव बासु पुडासैनी, कोषाध्यक्ष तथा संघ कार्यसमिति सदस्य भरत सापकोटा र रेखा शर्मा, नेकपा माओवादी केन्द्रको वैदेशिक रोजगार शाखा कमिटीका उपाध्यक्ष सोम तामाङ र मञ्चका सदस्य मेगबहादुर राउत सहभागी थिए ।

## सरकारप्रति...

गरेका छन् । 'हामीले एक वर्षको प्रारम्भमा राम्रो गऱ्यौँ। सुरुमा उत्साह पनि थियो, सुधारको प्रयास पनि गऱ्यौँ हामीले। त्यसपछि हामी सरकार टिक्नु नै खुसीको कुरा हो भनेर आनन्दले बस्यौँ। जसले गर्दा हाम्रो पछिल्लो ६ ७ महिना त उपलब्धिहीन नै बन्यो । एक वर्ष जस्तो गर्नुपर्नेथ्यो त्यसमा हामी चुक्यौँ। कसैलाई दोषी दिएर हुँदैन', उनले भने ।

अबको अर्को वर्ष सरकारलाई सफल बनाउन कांग्रेसको तर्फबाट केके गर्नुपर्छ गर्न आफूहरू तयार रहेको बताए । उनले संघ र प्रदेश सरकार मन्त्री फेर्ने भएपनि तयार रहेको बताएका छन् । त्यस्तै पार्टी प्रवक्ता डा प्रकाशशरण महतले पनि सहमतिको सरकार भएपनि एमालेले आफूखुसी निर्णय गर्ने गरेकाले सरकारका सबै क्रियाकलापहरू कांग्रेसले मान्नुपर्ने अवस्था नरहेको बताए ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
ओखलढुंगा, कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८२/०४/०७

यस कार्यालयको मिति २०८२/०२/१८ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरुको मूल्याङकन गर्न गठित मूल्याङकन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S. N | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-ROAD-35-2081/082 | Upgrading of Nawalpur-Palapu-Tapke Dada-Phalate Bhanjayang-Kakani, Road, Okhaldhunga | PHC-Naulo Safal-Siddhalekh J/V,Manthali-1,Ramechhap,Nepal | NRs.5,57,29,212.80 |

Office Chief

# कर्णाली–सुदूरपश्चिमका भूकम्पपीडितलाई ३ अर्ब ९५ करोड राहत वितरण



**काठमाडौं/मस–** गृहमन्त्री रमेश लेखकले जाजरकोट भूकम्पबाट प्रभावित परिवारलाई अस्थायी निजी आवास निर्माणका लागि राहत वितरण कार्य सम्पन्न भइसकेको बताएका छन् । राष्ट्रिय सभाको मंगलबारको बैठकमा मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा बोल्दै गृहमन्त्री लेखकले यस्तो बताएका हुन् ।

उनले कर्णाली र सुदूरपश्चिमका भूकम्प प्रभावित जिलामा कूल ३ अर्ब ९५ करोड ६५ लाख ५० हजार रुपैयाँ राहत वितरण भइसकेको बताए । उनकाअनुसार जाजरकोटका लागि १ अर्ब ९१ करोड ९१ लाख ७५ हजार, रुकुम पश्चिममा १ अर्ब ६१ करोड १२ लाख, सल्यानमा ७ करोड, बाजुरामा १० करोड ५० लाख, बझाङमा २५ करोड र जुम्लामा १ लाख ५० हजार रुपैयाँ वितरण गरिएको छ । उनले विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनःस्थापना कार्यविधि जारी भइ कार्यान्वयनमा रहेको पनि बताए । उनले भूकम्पले भत्किएको घरहरुको डिडिए कार्य सम्पन्न भइसकेको उल्लेख गर्दै छिट्टै स्थायी आवास निर्माणका लागि राहत उपलब्ध गराउने कुरामा समेत सरकार गम्भीर रहेको बताए ।

उनले भने, 'जाजरकोट भूकम्पबाट निजी आवासमा क्षति पुगेका घरपरिवारलाई आवास निर्माणका लागि प्रति घरपरिवार दुई किस्तामा गरी जम्मा ५० हजारका दरले १ अर्ब, ९१ करोड, ९१ लाख ७५ हजार रुपैयाँ, रुकुम पश्चिममा १ अर्ब ६१ करोड १२ लाख, सल्यानमा ७ करोड, बाजुरामा १० करोड ५० लाख, बझाङमा २५ करोड र जुम्लामा १ लाख ५० हजार गरी कुल ३ अर्ब, ९५ करोड, ६५ लाख , ५० हजार रुपैयाँ वितरण कार्य सम्पन्न भइसकेको छ । विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधिसमेत जारी भइ कार्यान्वयन भइरहेको छ । भूकम्पबाट प्रभावित कर्णाली र सुदूरपश्चिममा ७६ हजार ३०८ घरधुरीको डिडिए सम्पन्न भइ डाटा भेरिफिकेसनको कार्य भइरहेको छ ।' स्थायी आवास निर्माणका लागि बजेटको सीमा र गम्भिर्यतालाई हेरेर राहत वितरण गरिने उनको भनाइ छ ।

# प्रधानमन्त्रीसँग चिनियाँ नियोगका अध्यक्षको भेट



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीसँग चीनको अन्तर्राष्ट्रिय विकास सहायता नियोग (सिड्का) का अध्यक्ष चेन सियाओदोङ्ग नेतृत्वको प्रतिनिधिमण्डलले मंगलबार शिष्टाचार भेट गरेको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा दुई देशबीचको आपसी सम्बन्ध, अर्थ मन्त्रालयमा सोमबार भएको दुईपक्षीय चार समझदारी र विगतमा दुई मुलुकबीच उच्चस्तरीय भ्रमणका अवसरमा भएका विकास सहकार्यका सम्झौताको कार्यान्वयनलगायत विषयमा विचारविमर्श भएको छ ।

प्रधानमन्त्री ओलीले नेपाल र चीनबीच लामो र मित्रवत् सम्बन्धको चर्चा गर्दै नेपाल एक चीन नीति प्रतिबद्ध रहेको दोहोऱ्याए । उनले हालैको आकस्मिक बाढीका कारण ध्वस्त रसुवागढी नाकामा आवश्यक संरचना निर्माणमा चीनले दिएको प्राथमिकताका लागि धन्यवाद दिँदै नेपाली पक्षबाट पनि आवश्यक तदारुकता दिइएको बताए ।

उनले नेपाललाई भूपरिवेष्ठितबाट भूजडित बनाउन चीनसँगको किमाथांकालगागत अन्य नाकाहरुको सञ्चालन र 'बेल्ट एण्ड रोड इनिसियटिभ फ्रेमवर्क' अन्तर्गतका परियोजनाको सञ्चालन विना अवरोध अघि बढ्नुपर्नेमा जोड दिए ।

भेटका अवसरमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक विकास सल्लाहकार डा. युवराज खतिवडा, नेपालका लागि चीनका राजदूत चेन सोङ र परराष्ट्र मन्त्रालयका उच्चाधिकारीको उपस्थिति थियो ।

सो प्रतिनिधिमण्डलले सोमबार विकास साझेदारी, चीनको सहयोगमा सञ्चालित र आगामी दिनमा सञ्चालन हुने परियोजनाका बारेमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग छलफल गरेको थियो भने सोही अवसरमा चार परियोजनाको समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

# विपद् प्रतिकार्यमा ड्रोनको प्रयोग गरिने



**काठमाडौं/मस–** सरकारले विपद्पछिको प्रतिकार्यका लागि ड्रोनको प्रयोग गर्ने भएको छ ।

मंगलबार गृह मन्त्रालयमा सरकार र नेपाल मानवरहित विमान ड्रोन संघ र नेपाल ड्रोन संघबीच विपद्पछिको प्रतिकार्य (खोज, उद्धार र राहत) का लागि ड्रोनको प्रयोग गर्ने सम्झौता भएको हो । संघहरुले विपद्पछिको प्रतिकार्यका लागि निःशुल्क चालकसहितको ड्रोन उपलब्ध गराउने सहमति भएको गृहमन्त्री रमेश लेखकले बताए । उनले नेपाल विपद्को धेरै जोखिम भएको भूगोलमा रहेको बताए ।

विपद् प्रतिकार्यका लागि सरकारले अत्याधुनिक प्रविधि प्रयोग गर्ने ठाउँमा सरकार पुगेको बताए । निजी क्षेत्रलाई पनि विपद् प्रतिकार्यमा संलग्न गराइ अघि बढिएको उनले बताए । गृहमन्त्री लेखकले सरकारले विपद्को प्रतिकार्यका लागि अत्याधुनिक प्रविधिको प्रयोग गरिरहेको बताए ।

# 'मानवअधिकार प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध'



**काठमाडौं/मस–** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले मानवअधिकारको प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । प्रतिनिधिसभा, कानुन न्याय तथा मानवअधिकार समितिको आजको बैठकमा उनले राष्ट्रिय मानवअधिकार आयोगले दिएको सिफारिसलाई सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्ने बताए ।

'उपलब्ध स्रोत साधनको न्यायोचित प्रयोग गरी मानवअधिकारको कार्यान्वयन गर्दै जानुपर्छ', मन्त्री चौरसियाले भने, 'मानव अधिकारसँग सम्बन्धित ऐन कानुनलाई समयानुकूल बनाउने प्रक्रिया अघि बढिरहेको छ । त्यसको कार्यान्वयन पक्षमा सरकारले ध्यान दिएको छ ।' बैठकमा आयोगका अध्यक्ष तपबहादुर मगरले मानवअधिकार कार्यान्वयनको क्षमता अभिवृद्धि गर्दै लैजानुपर्नेमा जोड दिँदै यसमा सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताए ।

सांसद सन्तोष परियारले मानवअधिकारको व्यवहारिक कार्यान्वयन पक्ष निकै कमजोर रहेको अवस्थामा नीति निर्माण तहमा रहेकाले गम्भीर बन्नुपर्नेमा जोड दिए । 'मानव अधिकारको हनन् भएमा नागरिक पुग्ने आयोगमा नै हो, नागरिकको विश्वास जित्ने गरी काम गर्नुपर्छ', उनले भने ।

सांसद शेरबहादुर कुँवरले आयोगको सिफारिस कार्यान्वयन गर्न सरकार प्रतिबद्ध हुनुपर्नेमा जोड दिँदै सिफारिस कार्यान्वयनमा राज्यलाई दबाब दिनुपर्ने बताए । सांसद रञ्जुकुमारी झाले मानवअधिकारको विश्वव्यापी अवस्थाका बारेमा नेपालले पनि धारणा सार्वजनिक गर्नुपर्ने बताइन् । सांसद सुहाङ नेम्वाङले मध्यवधी समीक्षा प्रतिवेदन कार्यान्वयन गरेर देश र जनताप्रतिको प्रतिबद्धता पूरा गर्नुपर्ने बताए । सांसदहरू प्रतीक्षा तिवारी, नागिना यादव, रामकुमार राईलगायतले मानवअधिकार प्रवर्द्धनमा सरकार र आयोग प्रतिबद्ध हुनुपर्नेमा जोड दिए ।

# जलवायु परिवर्तनको परिणाम डरलाग्दो छ : कृषिमन्त्री



**काठमाडौं/मस–** कृषि तथा पशुपंक्षी विकासमन्त्री रामनाथ अधिकारीले जलवायु परिवर्तनको परिणाम डरलाग्दो रहेको बताएका छन् ।

नेपाली कांग्रेस पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । उनले कृषि र खानेपानी सम्बन्धी विषयमा सरकारले पटक पटक बैठक बसेर छलफल गरिरहेको र एउटा निष्कर्ष निकाल्ने चरणमा रहेको बताए ।

उनले मधेस प्रदेशमा अहिले ४६ प्रतिशत भन्दा बढी धान रोपाइँ हुन नसकेको र यो जलवायु परिवर्तनको प्रभाव रहेको बताए । मधेसमा खानेपानीको पनि हाहाकार रहेको बताए । रोपाइँ गरिएका खेतहरुमा धाँजा फाटेर उत्पादन नै हुन नसक्ने स्थितिमा रहेको बताए ।

मन्त्री अधिकारीले भने, 'जलवायु परिवर्तनको परिणाम आज अत्यन्त डरलाग्दो अवस्थामा छ । गएको शुक्रबारदेखि नेपाल सरकार हामी विशेष गरी कृषि सम्बन्धी र खानेपानी सम्बन्धी विषयमा पटक पटक बैठक गरेका छौं । मुलुकको मधेस प्रदेशमा अहिले ४६ प्रतिशत भन्दा बढी धान रोपाइँ हुन सकेन । खानेपानीको हाहाकार छ । जमिनहरु धाँजा फाटेर उत्पादन हुन नसक्ने परिस्थिति जलवायु परिवर्तनका कारणले भएको छ ।' मन्त्री अधिकारीले आवश्यक पर्ने ठाउँमा पानीको अभाव रहेको बताए ।

# नयाँ प्रजातिको चरा अभिलेख



**काठमाडौं/मस–** भक्तपुरस्थित समुद्र सतहबाट एक हजार ३१९ मिटर उचाइमा रहेको मध्येपुर थिमी मनोहरा फाँटबाट नेपालका लागि नयाँ प्रजातिको चरा अभिलेख गरिएको छ ।

'साइबेरियन स्यान्ड प्लोभर' नामक उक्त चराको नेपाली नाम 'साइबेरियाली राजपुत्रिका' राखिएको छ ।

नेपालका चराविद् कुमुद पराजुली, सुप्रदीप्त न्यौपाने र शत्रुहन पाण्डे समेतको टोलीले चरा अवलोकनका क्रममा असार ६ गते पहिलोपटक उक्त चरा देखेका थिए । टोलीका सदस्यहरुले उक्त चराको फोटो खिचेर प्रारम्भिक पहिचान गर्नुभएको थियो । त्यसपछि सो चराको यकिन पुष्ट्याइँ गरिएको नेपाल बर्ड रेकर्ड कमिटीले जनाएको छ ।

कमिटीमा प्राप्त विवरणहरूको अध्ययन, राष्ट्रिय अन्तरराष्ट्रिय पन्छीविद्हरूसँग रायसुझाव संकलन गरी नतिजामा पुगेको कमिटीका अध्यक्ष डा तुल्सी सुवेदीले बताए । यो चरा आइयुसियनको रेडिलस्ट अनुसार लोपोन्मुख सूचीमा पर्दछ । यो चरा रुसको साइबेरिया क्षेत्रमा आवासीय रुपमा पाइन्छ भने बसाइँसराइको क्रममा चीन, फिजी, हङकङ, इन्डोनेसिया, जापान, कोरिया, मलेसिया, पपुवा न्यूगिनी, फिलिपिन्स, ताइवान, टिमोर, अस्ट्रेलिया, न्युनिल्यान्डमा रेकर्ड भएको छ ।

नेपालको अभिलेखमा चरा प्रजातिको संख्यामा एउटा प्रजाति थप भएको छ र अब नेपालमा जम्मा चरा प्रजातिको संख्या ९०२ पुगेको छ ।


**VACANCY ANNOUNCEMENT**

One of the leading Manpower Recruitment company in Kathmandu is seeking for following applicants.

**Coordinator - 1 (Male/Female)**

Requirements:-
- Age Bar 35 to 40 Years Old.
- Bachelor's degree from English Medium.
- Minimum 10 Years Experienced in Related Fields.

**Marketing Officer - 2 (Male/Female)**

Requirements:-
- Good verbal and written communication Skills.
- Bachelor's degree from English Medium.
- Minimum 3 to 4 Years Experienced in Related Fields.



SALARY NEGOTIABLE

Send Your CV at document : docs.tgra2025@gmail.com

The Global Recruitment Agency Pvt. Ltd.
Govt. Lic. No.: 1253/074/075

**THE GLOBAL RECRUITMENT AGENCY PVT.LTD.**
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल,
Call us at 01- 4965983, 4965264


## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बेलबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/०७** (23th July, 2025)

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०३/३० गते राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित आन्तरिक श्रोत असुली सम्बन्धी दरभाउपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका दरभाउपत्रहरू मध्ये सबै भन्दा उच्चतम बोलअङ्क कबोल गर्ने र सारभूत रूपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको दरभाउपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ दरभाउपत्रमा भाग लिने सम्पूर्ण दरभाउपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का न. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगना | कबोल अंक (मूल्य अभिबृद्धि कर सहित) |
|---|---|---|---|---|
| १ | BM/S/SQ -04-2082/83 | बाहुनी बजार वडा नं. ७ हाटकर संकलन | टेकराज कुमार खवास बेलबारी - ९ | रु.२,०६,०००।०० (अक्षरेपी दुई लाख छ हजार रुपैयाँ मात्र) |
| २ | BM/S/SQ -5-2082/83 | डाँगिहाट बजार वडा नं. ९ हाटकर संकलन | गोरेलाल खवास बेलबारी - ९ | रु.२,००,१००।०० (अक्षरेपी दुई लाख एक सय रुपैयाँ मात्र) |
| ३ | BM/S/SQ -06-2082/83 | लक्ष्मीमार्ग बजार वडा नं. ११ हाटकर संकलन | ललित बहादुर भण्डारी बेलबारी - ११ | रु.१,१७,७००।०० (अक्षरेपी एक लाख सत्र हजार सात सय रुपैयाँ मात्र) |
| ४ | BM/S/SQ -07-2082/83 | कसेनी बजार वडा नं. ५ र सोमबारे बजार वडा नं. ६ हाटकर संकलन | आसाराम चौधरी बेलबारी - ५ | रु. १,००,२००।०० (अक्षरेपी एक लाख दुई सय रुपैयाँ मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो"

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति २०१५/०१/०७

**स्व. भुमा बोहरा**

स्वर्गारोहण २०८२/०३/२७

**मध्यान्ह** राष्ट्रिय दैनिककी दाङ संवाददाता
सपना बोहराज्यूकी ममतामयी माता
**भुमा बोहरा**को
२०८२ असार २७ गते शुक्रबार ६७ वर्षको उमेरमा असामयिक निधन
भएको आज १३औं दिनको पुण्य तिथिमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।
साथै, यस दुःखद् घडीमा शोकाकूल परिवारजनमा
गहिरो समवेदना प्रकट गर्दछौं ।

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

तथा

**मदनकुमार श्रेष्ठ**
सम्पादक

**मध्यान्ह** परिवार
Madhyanha National Daily

www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News

मध्यान्ह
www.madhyanhadaily.com
७ साउन २०८२ बुधबार
23 July 2025, Wednesday

सम्पादकीय

# भूमि ऐनमा राजनीति नगर

सरकारले भूमि ऐन संशोधन गर्न खोजेको छ । तर सरकारमा रहेका दलहरूका बीचमा कुरा नमिल्दा भूमि ऐन संशोधन हुन सकेको छैन । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीका अनुसार प्रचलित कानुनबमोजिम घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा बिक्री गर्न पाउँदैन । प्रचलित ऐन संशोधन गरेर हदभित्रको जग्गामा घडेरी वा घडेरीमा घर वा अपार्टमेन्ट बनाएर बिक्री गर्न दिन खोजिएको छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने पनि सरकारको लक्ष्य छ । यस निम्ति तीन वटा ऐन (भूमि सम्बन्धी ऐन, २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र वन ऐन, २०७६) संशोधन गर्न खोजिएको छ । तर सम्भव हुन सकिरहेको छैन ।

जब भूमि ऐन संशोधनको विषय अगाडि बढ्छ तब सरकारमा रहेका दलहरूका बीचमा रहेको विवाद चर्किने गरेको छ । विगतमा सरकारले अध्यादेशमार्फत भूमि ऐनमा केही संशोधन गरेको थियो । अध्यादेश प्रतिस्थापन गर्ने विधेयक ल्याएर सरकारले दीर्घकालीनरूपमै ऐन संशोधन गर्न खोज्दा तत्कालीन समयमा सरकारमा रहेको दल जनता समाजवादी पार्टी (जसपा)नेपालले विरोध गर्‍यो । त्यसपछि सरकार पछि हट्यो । तथापि, सरकारले भूमि ऐन संशोधनको प्रयास रोकेन । २३ वैशाख २०८२ मा भूमिमन्त्री अधिकारीले भूमि ऐन संशोधन विधेयक संसद्मा दर्ता गरे । यो विधेयकलाई सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले फास्ट ट्र्याकमा पारित गर्न खोजेको छ । जुनसुकै बेला सरकारले भूमि विधेयक अगाडि बढाउन सक्ने भनेर जसपा नेपालले सरकारलाई दिएको समर्थन नै फिर्ता लिइसकेको छ । प्रमुख सत्ताघटक नेपाली कांग्रेसले पनि भूमि विधेयक जस्ताको तस्तै अघि बढाउन मानेको छैन । परिणाममा गत असार २५ गते प्रतिनिधि सभाको कार्यसूचीमा चढेर पनि अन्तिम समयमा रोकियो । त्यसपछि बसेका सभाको बैठकमा यो विषय कार्यसूचीमा आएको छैन ।

नेपालमा भूमिको समस्या नयाँ होइन । पहुँच हुनेले जग्गाको स्वामित्व लिने र पहुँच नहुने भूमिहीन हुने अवस्था विगतदेखि नै छ । समतामुलक समाजले पहुँचका आधारमा नभइ आवश्यकताका आधारमा प्राकृतिक साधन–स्रोतको उपयोग हुने परिकल्पना गर्दछ । समाजवादउन्मुख नेपालले यो ख्याल गर्नुपर्छ र राजनीतिक दलहरूले भूमि ऐनमा टेकेर राजनीति गर्न हुँदैन ।

# नेपालमा सार्वजनिक खर्चको अवस्था

*मन्त्रालयपिच्छे आफूअन्तर्गतका परियोजनाहरूको अनुगमन र मूल्यांकन गरिन्छ, तर पनि नतिजा हात लाग्यो शून्यझैं बनेको छ । कामका आधारमा विश्लेषण गरी अनावश्यक संरचना, बोर्डहरू खारेज गर्ने, मन्त्रालय संख्या घटाउने, परियोजना छनोट गर्दा डिपिआर निर्माण तथा साइट क्लियर गरेरमात्र बजेट विनियोजन गर्ने, तीन वटै तहमा आयोजना व्यवस्थापन निर्देशिका लागु गर्ने, आयोजना बैंक बनाउने जस्ता कुरा अलपत्र छन्...*

अग्रलेख



● गम्भीरबहादुर हाडा

सरकारले राज्य सञ्चालनका लागि आवश्यक विभिन्न खर्चहरू व्यहोर्ने गर्दछ र जनकल्याण तथा विकासका लागि पनि खर्च गर्दछ । यसलाई नै सार्वजनिक व्यय भनिन्छ । यसअन्तर्गत सरकारले विभिन्न क्रियाकलापहरूमा विभिन्न प्रयोजनका लागि व्यहोर्ने सबै खर्च रकमहरू समावेश हुन्छ । सार्वजनिक व्ययको परिभाषा र परिधिमा परिवर्तन आएको छ । १९औं शताब्दीका राजस्व अर्थशास्त्रीहरूले सार्वजनिक व्ययमाथि ध्यान नदिएर केवल सार्वजनिक आयमाथि विश्लेषणलाई बढी ध्यान केन्द्रित गरेका थिए । वर्तमान शताब्दीमा सार्वजनिक व्ययको महत्वलाई स्वीकार गरी आजकाल प्रायः सबै राजस्व अर्थशास्त्रीहरूले यसलाई राजस्वको अभिन्न अंगको रूपमा विश्लेषण गरेको पाइन्छ ।

नागरिकहरूको सुरक्षा र आर्थिक तथा सामाजिक हित अभिवृद्धिका लागि प्रचुर मात्रामा सार्वजनिक खर्चको आवश्यकता पर्दछ । नागरिकहरूका लागि नभई नहुने कतिपय त्यस्ता सामान्य आवश्यकताहरू हुन्छन्, जसको प्राप्तिका लागि सरकारी प्रयासकै आवश्यकता पर्दछ । देशमा शान्ति, सुव्यवस्था, प्रतिरक्षा, न्याय र प्रशासनिक व्यवस्था कायम राख्न र सार्वजनिक वस्तुको निर्माणलगायत आर्थिक र सामाजिक क्रियाकलापहरूको प्रवर्द्धन गर्न यथेष्ट मात्रामा सरकारी खर्चको आवश्यकता पर्दछ । देशको नागरिकहरूप्रति सरकारको महत्वपूर्ण जिम्मेवारी हुन्छ, त्यो जिम्मेवारी हो समाजमा न्याय, शान्ति तथा सुरक्षा कायम राख्नु र जनताको जीवनस्तरमा सुधार ल्याउनु । एकातिर प्रहरी, अदालत र विभिन्न प्रशासनिक निकायहरूको व्यवस्था गरी सरकारले समाजमा शान्ति सुरक्षा तथा न्याय कायम राख्ने प्रयत्न गर्दछ भने अर्कोतिर अस्पताल, विद्यालय, सञ्चार, सडक, पुल, नहर आदिको व्यवस्था गरी जनताको स्वास्थ्य, शिक्षा र जीवनस्तरमा सुधार ल्याउनसमेत प्रयत्न गर्नुपर्दछ । आधुनिक राज्यका आर्थिक र सामाजिक कार्यहरूमा सरकारको भूमिका बढ्दै गइरहेको हुँदा विकासशील क्रियाकलापहरू सञ्चालन गर्न सरकारले ठूलो रकम खर्च गर्नुपर्ने हुन्छ ।

सन् १९३० तिर सुरु भएको विश्वव्यापी आर्थिक मन्दीपछि विश्वका ख्यातिप्राप्त अर्थशास्त्रीहरूले राष्ट्रमा पूर्ण रोजगारीको स्थिति कायम गरी आर्थिक स्थायित्व कायम गर्न वा राष्ट्रका आर्थिक विकासको सन्दर्भमा वित्तीय नीतिले खेल्न सकिने प्रभावकारी भूमिकामाथि जोड दिएका थिए । राष्ट्रको आर्थिक उद्देश्यहरूको परिपूर्तिका लागि कार्यान्वयन गरिने वित्तीय नीतिका दुई महत्वपूर्ण माध्यममध्ये सार्वजनिक खर्च एक महत्वपूर्ण माध्यम हो । अर्थशास्त्री एडोल्फ वागनरले राजकीय व्ययको महत्वलाई लिएर भनेका छन् ।

आर्थिक मन्दी तथा बेरोजगारीको समस्या समाधान गर्न पनि सरकारद्वारा व्यापक सार्वजनिक निर्माण कार्यहरू सञ्चालन गरिनुपर्छ भन्ने आधुनिक अर्थशास्त्रीहरूको भनाइ छ । यस प्रकारका कार्यक्रमहरू सञ्चालन गरिँदा मात्रै रोजगारीमा वृद्धि भई प्रभावकारी मागमा वृद्धि हुन जान्छ । यसले गर्दा आर्थिक मन्दीको समस्या निराकरण गर्न सकिन्छ । राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट पनि सार्वजनिक खर्चको भूमिकालाई जोड दिन सकिन्छ । राष्ट्र प्रतिरक्षाको लागि गरिने खर्च अनुत्पादनशील भए पनि आजको तनावपूर्ण युगमा राष्ट्रको सार्वभौमसत्ताको जगेर्ना गर्न प्रतिरक्षा सम्बन्धी सार्वजनिक खर्च नितान्तः आवश्यक छ ।

सरकारले राजस्व खर्च गर्दा निम्नस्तरका व्यक्तिहरूको जीवनस्तर उकास्ने तथा अविकसित क्षेत्रहरूमा बढी रकम लगानी गरी उत्पादनशील क्रियाकलापहरूलाई प्रोत्साहन दिई त्यहाँका बासिन्दाहरूको आम्दानी बढाउने प्रयत्न गर्दछ । सरकारले धनी वर्गका मानिसहरूबाट करको रूपमा राजस्व संकलन गरी गरिब वर्गका हितको निम्ति खर्च गर्दछ र देशमा क्षेत्रीय आर्थिक सन्तुलनसमेत कायम राख्ने प्रयत्न गर्दछ । मानवीय साधनको कार्यकुशलतामाथि नै अर्थतन्त्रको विकास निर्भर गर्छ । तसर्थ, कुनै पनि अर्थव्यवस्थाको विकासका लागि जनतालाई कार्यकुशल बनाउनुपर्छ । यस सन्दर्भमा सार्वजनिक व्ययको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षा, स्वास्थ्य, यातायात, आवास, मनोरञ्जन आदि सामाजिक सेवामाथि गरिएको व्ययले जनताको कार्यकुशलतामा वृद्धि गर्छ ।

आर्थिक सर्वेक्षण २०८१/८२ मा उल्लेख गरिएअनुसार गएको आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक वित्तका परिसूचक सामान्य रहेका थिए । महालेखा नियन्त्रक कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा खर्च मात्र १५ खर्ब २३ अर्ब १० करोड बराबर भएको छ । यो लक्ष्यको ८१.८७ प्रतिशत




मात्रै हो । गत आवमा पुँजीगत खर्च अहिले पनि दयनीय रह्यो । ३ खर्ब ५२ अर्ब विनियोजन भएकोमा खर्च २ खर्ब २२ अर्बमात्र भयो । जुन लक्ष्यको ६३.२ प्रतिशतमात्र हो । चालु खर्च ८५.९५ र वित्तीय व्यवस्थातर्फको बजेट ८७.१४ प्रतिशतमात्र खर्च हुन सकेको महालेखाको तथ्यांक छ । सरकारको आम्दानी र खर्चका बीचमा ३ खर्बमाथिको खाडल देखिएको छ । जसको पूर्तिका लागि आन्तरिक तथा बाह्य ऋण उठाइएको हो ।

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा राष्ट्रिय गौरवका आयोजनाहरूको छनौटका लागि स्पष्ट मापदण्ड निर्धारण गरिनुका साथै विद्यमान राष्ट्रिय गौरवका आयोजनाहरूको पुनरावलोकन गरिने नीति लिइएको छ । विकास आयोजनाको संख्या गत वर्षभन्दा ४ हजार ६ सय ५४ ले घटाई आयोजना व्यवस्थापनलाई छरितो बनाइएको छ । संघीय सरकारले कार्यान्वयन गर्ने पूर्वाधारका नयाँ आयोजनामा रु. ३ करोडभन्दा कम विनियोजन नगर्ने मापदण्ड कार्यान्वयन गरिएको छ । यसबाट राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकताका आयोजनामा स्रोत व्यवस्थापन गर्न सहयोग पुग्ने र आयोजना कार्यान्वयन प्रभावकारी हुने अपेक्षा गरिएको छ । बजेट कार्यान्वयन क्षमतामा सुधार गरी पुँजीगत खर्च बढाउन विषयगत मन्त्रालयलाई थप जिम्मेवार बनाइने कार्यक्रम राखिएको छ । जग्गा प्राप्ति, वन क्षेत्रको स्वीकृति लगायत तयारी पूरा भएका आयोजनालाई खरिद प्रक्रियामा लैजाने व्यवस्था गरिनुका साथै आयोजनाको कार्यान्वयनमा तीव्रता ल्याउन ठेक्का सम्झौता गर्दा तीन सिफ्टमा काम हुने व्यवस्था गरिने नीति लिइएको छ ।

वर्तमान सोह्रौं योजना २०८१/८२–२०८५/८६ मा सार्वजनिक खर्च तथा प्रशासनिक सुधार कार्यक्रम तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकासको रूपान्तरणकारी रणनीतिको व्यवस्थाअन्तर्गत संवैधानिक अधिकार र जिम्मेवारीको स्पष्टता कायम गर्न कार्य विस्तृतीकरण प्रतिवेदनको पुनरावलोकन गरी कार्यान्वयन गर्ने, मौजुदा कानुनी व्यवस्थाको समीक्षा गरी तहगत सरकारको समन्वयमा प्रदेश र स्थानीय अर्थतन्त्रसम्बन्धी मार्गदर्शक नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, प्रदेश तथा स्थानीय तहको आवश्यकता र प्राथमिकताको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने नीति राखिएको छ । संरचनात्मक तथा कानुनी एवं नीतिगतरूपमा समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई मजबुत बनाउनेमा वित्तीय हस्तान्तरण लागु गर्ने, प्रशासनिक सहायता सुदृढीकरणका लागि उचित व्यवस्थापन र उपयोग गर्ने कार्य जिम्मेवारी निर्वाहमा जिम्मेवारी र उत्तरदायित्वको सबल र सशक्त बनाउने, आन्तरिक स्रोत परिचालन, कुशल स्रोत विनियोजन तथा प्रभावकारी खर्च व्यवस्थापन गरी वित्तीय सबलीकरण गर्ने नीति तथा कार्यक्रम राखिएको पाइन्छ । कम मूल्यकै टेन्डरलाई स्वीकृत गर्नुपर्ने बाध्यता, सियोदेखि हवाईजहाजसम्मको एकै प्रकारको खरिद प्रक्रिया, अन्तर तह, अन्तर निकाय ठाडो समन्वय र सहकार्य हुनै कठिन, अस्वस्थ प्रतिस्पर्धाको भावना बढ्दै गएको । खानेपानी, बिजुली, ढल, टेलिफोन सम्बद्ध पक्षमा सदाचारिता, नैतिकता र इमानदारिताको खडेरी परेको छ ।

सरकार, निजी क्षेत्र, सरोकारवाला कसैले पनि जिम्मेवारीबोध नगर्ने परिपाटी आमरूपमा देखिन्छ । आयोजना चक्रका कुनै पनि चरणमा सरोकारवालालाई अर्थपूर्ण सहभागिता गराइँदैन । दाताका चाहना र चासो तथा खरिद मापदण्डबमोजिम प्रक्रिया अघि बढाउँदा अवरोध आउने गरेको उदाहरण धेरै छन् । भएका संयन्त्रको निष्क्रियता व्यापक छ । प्रधानमन्त्रीको संयोजकत्वमा आयोजना कार्यान्वयन निर्देशक समिति छ । प्रधानमन्त्रीकै नेतृत्वमा राष्ट्रिय विकास समस्या समाधान समिति पनि छ । राष्ट्रिय योजना आयोगमा केन्द्रीय अनुगमन महाशाखा ठुला परियोजनाहरूलाई अर्थ मन्त्रालय आफैंले अनुगमन गर्छ । मन्त्रालयपिच्छे आफूअन्तर्गतका परियोजनाहरूको अनुगमन र मूल्यांकन गरिन्छ, तर पनि नतिजा हात लाग्यो शून्यझैं बनेको छ । कामका आधारमा विश्लेषण गरी अनावश्यक संरचना, बोर्डहरू खारेज गर्ने, मन्त्रालय संख्या घटाउने, परियोजना छनोट गर्दा डिपिआर निर्माण तथा साइट क्लियर गरेरमात्र बजेट विनियोजन गर्ने, तीन वटै तहमा आयोजना व्यवस्थापन निर्देशिका लागु गर्ने, आयोजना बैंक बनाउने जस्ता कुरा अलपत्र छन् ।

कर प्रणालीलाई लगानीमैत्री वातावरण बनाउने संयन्त्रको रूपमा विकास गर्ने, स्वच्छ, तटस्थ एवम् पारदर्शी कर प्रणालीको विकास गर्ने, स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने नीति लिनुपर्छ । कुल गार्हस्थ्य उत्पादनसँग कर राजस्वको अनुपात बढाउने, संघीय संरचनाअनुसार राजस्व संरचनाको निर्माण गर्ने, करको आधार र दायरा विस्तार गर्ने, करको दायरालाई पारदर्शी एवम् समन्यायिक बनाउनु आवश्यक छ । संघीय संरचना अनुकूल कर तथा गैर करका क्षेत्रहरूको पुनरावलोकन गर्ने, कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउने, जोखिम व्यवस्थापन गर्न कर प्रशासनको सबलीकरण गर्ने, सबै किसिमका करसम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत पेस गर्ने व्यवस्था मिलाउनु जरुरी छ । संघ, प्रदेश र स्थानीय तहको नमुना कर कानुनको ढाँचा विकास गरी प्रयोगमा ल्याउने, राजस्व चुहावटमा जोखिम क्षेत्रहरूको पहिचान गर्ने, राजस्व चुहावट नियन्त्रणमा साझा प्रयास परिचालन गर्नुको साथै, कर प्रणालीको सरलीकरण र पारदर्शीताका लागि सूचना प्रविधिको विकास र विस्तार गर्ने नीति ल्याउनुपर्छ । राजस्व संकलनमा विद्युतीय भुक्तानी प्रणालीको विकास गर्ने, राजस्व प्रशासन अन्तर्गतका निकायहरूबीच विद्युत्तीय सूचना प्रणालीहरूबीच अन्तर आबद्धताबीच अन्तर आबद्धता विकास गर्नु पनि आवश्यक छ ।

## इतिहासमा आज

२३ जुलाई २०११ मा चीनको झेजियाङ प्रान्तको वेन्झाउमा रहेको योङताइवेन रेलवे लाइनमा रहेको २ रेल ठोक्किएको थियो । जुन घटनामा ४० जनाको मृत्यु भएको थियो ।



२३ जुलाई २०१५ मा नासाले केप्लर अन्तरिक्ष टेलिस्कोपद्वारा केप्लर-४५२बी नामक ग्रह पत्ता लगाएको थियो । जसलाई मानिसको लागि बसोबास योग्य हुनसक्ने अनुमान गरिएको छ ।



२३ जुलाई २०१४ मा ट्रान्स एशिया एयरवेजको उडान २२२ ताइवानको पेन्घु विमानस्थलमा पुग्ने क्रममा हुक्सी नजिकैको सिक्सी गाउँमा दुर्घटनाग्रस्त भयो । जुन दुर्घटनामा ५८ जनामध्ये ४८ जनाको मृत्यु भयो भने जमिनमा रहेका ५ जना पनि घाइते भए ।





२३ जुलाई २०१८ मा पूर्वी एटिकामा लागेको जंगलमा लागेको आगलागीमा कम्तिमा १०२ जनाको मृत्यु भएको थियो । यसलाई ग्रीसकै इतिहासको सबैभन्दा घातक जंगली आगलागीको रूपमा लिइन्छ ।



# के हामीले बाटो बिराएका हौं ?

विचार



● भुवन भण्डारी

*देशमा अवसर छैन भन्ने बुझाइले गर्दा युवा पुस्ता विदेशिन बाध्य भएको जस्तो देखिए पनि प्रश्न उठ्छ– के साँच्चै अवसर छैन त ? कतै हामीले प्रयास नै गर्न छाडेका त होइनौं ? लाखौं रूपैयाँ ऋण उठाएर विदेश जाने सपना देख्छौं, तर त्यहीं लगानी देशमै गरेर व्यवसाय गर्ने सोचलाई हामी किन गम्भीरतापूर्वक लिँदैनौं...*

नेपालमा विदेश जाने प्रवृत्ति नयाँ होइन । तर, पछिल्लो दशकमा यो प्रवृत्ति होइन, लहर बनिसकेको छ । आज प्रत्येक सानो परिवारमा कम्तीमा एक जना त विदेशमै छन् । संयुक्त परिवारमा त दुईदेखि तीन जना विदेशिनु सामान्य भइसकेको छ । गाउँहरू सुनसान छन्, ढोकाहरू थुनिएका छन्, आँगनमा खेल्ने बालबालिका छैनन्, बचेका छन् त केवल बुढाबाआमा र सम्झनाले भरिएका निधारहरू ।

देशमा अवसर छैन भन्ने बुझाइले गर्दा युवा पुस्ता विदेशिन बाध्य भएको जस्तो देखिएपनि प्रश्न उठ्छ– के साँच्चै अवसर छैन त ? कतै हामीले प्रयास नै गर्न छाडेका त होइनौं ? लाखौं रुपैयाँ ऋण उठाएर विदेश जाने सपना देख्छौं, तर त्यही लगानी देशमै गरेर व्यवसाय गर्ने सोचलाई हामी किन गम्भीरतापूर्वक लिँदैनौं ?

विदेश जान गाउँको जग्गाजमिन धितो राखेर ऋण पाइन्छ । आफन्तले पनि ऋण पत्याउँछन् । तर, देशमा व्यवसाय गर्ने हो भने बैंकले पनि पत्याउँदैन, आफन्त मुख फर्काउँछन् । कुनै पनि विचार वा योजनाभन्दा पहिला गोजीको मोटाइ हेर्ने परिपाटीले उत्साही युवालाई निरुत्साहित बनाएको यथार्थ नै हो । गाउँमा अब बालबालिका देखिन्नन् । पढ्ने उमेरका बालबालिकालाई सहरतिर बोर्डिङ स्कुलमा पठाइन्छन्, किनभने सरकारी स्कुलमा पढाइ राम्रो हुँदैन र सरकारी स्कुलमा पढेर केही हुँदैन भन्ने सोच व्यापक छ । अचम्म त के छ भने जनप्रतिनिधि र त्यही सरकारी विद्यालयमा पढाउने शिक्षकहरूसमेत आफ्ना सन्तानलाई निजी विद्यालयमा पढाउँछन् । आफूले बनाएको नीति र पढाएको शिक्षामाथि पनि विश्वास नगर्ने अवस्था बनिसकेको छ । सरकारी विद्यालयहरूमा विद्यार्थीको संख्या घट्दै जाँदा कतिपय विद्यालय मर्ज भए, कतिपय तह घटाइए । लाखौं खर्च गरेर बनाइएका विद्यालय भवनहरू सुनसान छन्, जीर्ण हुँदैछन् । झ्याल ढोका झुन्डिएका छन् । गाउँको बासिन्दा सहरमुखी बनेका छन्, खेत बाँझिएका छन् । विकास गाउँ पुगेपनि जनशक्ति भने गाउँ छोड्दै छन् ।

विदेशमा गएका सबैले सफलता पाउँदैनन् । केहीले राम्रो कमाए होलान्, तर एजेन्टको झुटा प्रलोभनमा परी छिट्टै धनी बन्ने सपनाले पुर्खाको थलो धितोमा राख्दा त्यो समेत गुमाएका छन् । अध्ययन, रोजगारी वा भविष्यको सपना बोकेर गएका हजारौं युवा आज मानसिक तनाव, बेरोजगारी र कानुनी समस्यामा परेका तीतो यथार्थ हामीसँगै छ । अचम्म त के छ भने नेपालमा मान-अपमानको डरले जुन काम गर्न हामी हिच्किचाउँछौं, त्यही काम विदेशमा आत्मसम्मानका साथ गर्छौं । होटेल, रेस्टुरेन्ट, क्लिनिङ वा स्टोरमा काम गर्दा हामी गर्व गर्छौं, किनभने 'यहाँ पैसा छ, कसैले देख्दैन' भन्ने सोच हाबी हुन्छ । तर, के पैसा नै सबैथोक हो ? हामी नेताहरूलाई गाली गर्छौं, देशलाई दोष दिन्छौं । तर, चुनाव आउँदा चाहीं विचार होइन, पार्टी हेर्छौं, पैसा हेर्छौं । जनताले राजनीतिक विचारभन्दा पार्टी र पैसाको आधारमा मतदान गर्दा सच्चा परिवर्तनको सम्भावना हराएको छ, विचार गुमेको छ । राजनीतिक दलले पनि विचारको मूल्यांकनभन्दा पैसावालालाई अघि बढाउँछन् । यस्तो अवस्थाले इमानदार, लगनशील र देशप्रेमी युवाको स्थान कहिल्यै सुनिश्चित हुँदैन । सुधारको बाटोमा हिँड्न खोज्ने धेरै युवा निराश हुँदै विदेसिन्छन् ।


कोही विदेश नगएकै राम्रो भन्ने होइन । तर, विदेश जानुअघि वा गइसकेपछि आत्ममूल्यांकन आवश्यक छ– मैले जे मेहनत विदेशमा गरिरहेको छु, त्यही मेहनत देशमै गरेको भए के हुँदैनथ्यो ?

विदेशमा बस्ने धेरैले मनमनै महसुस गर्छन्– यत्तिको लगानी, दुःख र समर्पण यहि देशमै गरेको भए, बा आमाको साथमा रमाइन्थ्यो, गाउँको घर रित्तिँदैनथ्यो, पुर्खाको थलो बच्थ्यो । हामीले देशको दोष मात्रै होइन, समाधान पनि खोज्नुपर्छ । देशमै लगानी गरेर कृषि, पशुपालन, पर्यटन वा साना व्यवसाय गर्न सकिन्छ । अप्ठ्यारो छ, तर सम्भव छ ।

अब समय आयो– देश छोड्ने भीड होइन, देश बनाउने भीड बनौं । गाउँ फर्कौं, विश्वास फर्काऔं, बढ्दै गएको निराशालाई आशामा बदलौं अनि भविष्य फर्काऔं– आफ्नै भूमि, आफ्नै माटोमा केही गरौं ।

संघीयतामा स्थानीय सरकार निर्णय सामर्थ्ययुक्त बलियो संरचना हो । अब उपलब्धिहीन, कार्यकर्ता केन्द्रित, टुक्रे बजेट र पहुँचमूखी अनुदानको अन्त्य गर्दै स्थायी रोजगारी सिर्जना गर्ने स्थानीय उद्योग सञ्चालनमा अघि बढ्न आवश्यक छ । प्रत्येक वर्ष रोजगारी र सीपका नाममा खर्च हुने बजेट कागज र फोटोमा सीमित रहँदै आएको अवस्थामा अब वास्तविक समाधान खोजिनुपर्छ । गाउँ रित्तिँदै छन्, खेत बाँझिँदै छन् र युवा विदेश पलायन भइरहेका छन् । यस्तो संकटको घडीमा पालिकाले आफ्ना स्रोत, सीप र साधनको प्रयोग गरी स्थानीय उत्पादनमा आधारित उद्योगहरू सुरु गर्नुपर्छ, जसमा बजेट व्यवस्थापन, कार्यान्वयन र विस्तारको जिम्मा स्थानीय तहले लिने र प्रत्येक वर्ष यसको दायरालाई फराकिलो बनाउँदै जानुपर्छ । यसरी गाउँमै रोजगारी सिर्जना गरेर विदेश पलायन रोक्न सकिन्छ ।

## सामाजिक सञ्जाल




माइक बुढाथोकी

विद्या भण्डारीको चीन भ्रमणपछि एमालेभित्र शक्ति संघर्ष चरम उत्कर्षमा पुग्नु र यही बेला ओलीलाई भारतले भ्रमणको निम्तो दिनु भनेको प्रयोगशालामा फेरि एउटा नयाँ प्रयोग हुँदै छ भन्दा अत्युक्ति नहोला । हुन त उत्तरले एउटालाई च्यापेपछि दक्षिणले अर्कोलाई च्याप्नै पर्‍यो । यी चेप्ने र चेपिन जानेहरूले नेपालीलाई देशमै बस्न नसक्ने बनाए ।

सबै पार्टीका अध्यक्ष र प्रधानमन्त्री पद नछोड्ने देखियो । उहाँहरूको जीवनमा गजबको परिवर्तन आए पनि देशको अवस्थामा परिवर्तन आएको छैन । देशको अवस्था यस्तो हुँदा पनि भक्तजनको भक्तिभाव भने नयाँ उचाइमा छ । त्योभन्दा विधानमै एक पटक अध्यक्ष भएपछि आजीवन अध्यक्ष हुन पाइने कानुनी हक सुनिश्चित गरे राम्रो ।




डा. अमरेशकुमार सिंह



प्रेमकान्त अधिकारी

अध्यक्ष जस्तो पद सम्हाल्न गह्रुँगो भारी नै हुन्छ । जिम्मेवारीपूर्ण पद हो, सानो ठूलो जत्रो होस् क्षमताअनुसार । जस अपजसको अन्तिम भागी लिने त अध्यक्ष नै हुन्छ । अध्यक्षको अन्तिम हस्ताक्षर दस्तखत भइसकेपछि उम्किन पन्छिन खोज्नु त गैर जिम्मेवारपन भइहाल्छ ।

प्रत्येक भविष्य-केन्द्रित नेतालाई आवश्यक पर्ने सबैभन्दा महत्वपूर्ण सीपहरू : लचिलो टोली व्यवस्थापन, प्राविधिक एकीकरणमा निपूणता, भर्चुअल टोली गतिशीलता, नवीन मानसिकता, समाज कल्याणमा ध्यान केन्द्रीत, समष्टिगत लचिलोपनको विस्तार हो ।



नवराज पन्त

# उच्च अदालत सुर्खेत जुम्ला इजलासद्वारा ९३ प्रतिशत मुद्दा फछ्र्यौट

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ६ साउन



उच्च अदालत सुर्खेत जुम्ला इजलासमा आर्थिक वर्ष २०८१/८२ मा ९३.०८ प्रतिशत मुद्दा फछ्र्यौट भएका छन् । मंगलबार आयोजित पत्रकार सम्मेलनमा सो जानकारी दिइएको हो ।

यस्तै गत आर्थिक वर्ष नयाँ दर्ता भएका १९१ र जिम्मेवारी सरेका २६ मुद्दा गरी कुल २१७ मुद्दा दर्ता भएका छन् । तीमध्ये २०२ मुद्दा फछ्र्यौट भएका हुन् भने हाल १५ मुद्दा बाँकी रहेका छन् ।

अदालतको वार्षिक लक्ष्य १७८ मुद्दा फछ्र्यौट गर्ने भएपनि लक्ष्यभन्दा बढी मुद्दा किनारा लागेको तथ्यांकले देखाएको छ । पछिल्ला तीन आर्थिक वर्षको तुलनामा २०८१/८२ मा सबैभन्दा बढी मुद्दा फछ्र्यौट भएको पाइएको छ । आर्थिक वर्ष २०७९/८० मा २५५ मुद्दा दर्ता भई २०५ फछ्र्यौट भएका थिए भने ५० बाँकी थिए । त्यस्तै, २०८०/८१ मा २७९ मुद्दा दर्ता भइ २५३ फछ्र्यौट र २६ बाँकी रहेका थिए । २०८१/८२ मा थुनुवा मुद्दा ४३ मध्ये ४० फछ्र्यौट भएका छन् । थुनुवा अभियुक्तमध्ये ३७ पुरुष र २ बालबालक थिए । सो अवधीमा दर्ता भएका प्रमुख मुद्दाहरूमा रिट निवेदन ३४, जबर्जस्ती करणी ६२, ज्यान मार्ने उद्योग १४, कर्तव्य ज्यान १०, बहुविवाह ५, सम्बन्ध विच्छेद २, सवारी ज्यान ४, अंगभंग २, मानव बेचविखन तथा ओसारपसार ५, जातीय विभेद २, लागुऔषध १४, अदालतको अवहेलना २, हातहतियार तथा खरखजना ४, चोरी ९, नकबजनी १०, अंश सम्बन्धी ४ र अन्य ३४ वटा मुद्दा रहेका छन् ।

पत्रकार सम्मेलनमा बालबालिकाबीच लागुपदार्थको प्रयोग तथा जबरजस्तीकरणका घटना बढी देखिएको भन्दै पूर्वरोकथाम, पुनःस्थापना तथा समाजमा पुनः एकीकृत गर्ने संरचनागत पहल आवश्यक रहेकोमा छलफलमा जोड दिइएको छ ।

कार्यक्रममा कर्णाली प्रदेशका माथिल्लो कर्णाली क्षेत्रअन्तर्गत ५ जिल्लाको जिल्ला अदालतहरूमा पनि मुद्दा फछ्र्यौटका विवरण सार्वजनिक गरिएको थियो । जुम्ला जिल्ला अदालतमा ३१४ मुद्दा दर्ता भइ २१४ फछ्र्यौट, मुगुमा १३५ मध्ये १०३, हुम्लामा ६९ मध्ये ६०, कालिकोटमा २३६ मध्ये १७६ र डोल्पामा ७६ मध्ये ५४ मुद्दा फछ्र्यौट भएको छ । बाँकी मुद्दाहरू क्रमशः १००, ३२, ९, ६१ र २२ रहेका छन् ।

पत्रकार सम्मेलनमा अदालतका पदाधिकारीहरूले विधिविज्ञान प्रयोगशालाको प्रतिवेदन समयमा नआउँदा मुद्दा टुंगो लगाउन गम्भीर कठिनाइ भइरहेको बताए ।

उच्च अदालत सुर्खेत जुम्ला इजलासका अधिकृत तथा सूचना अधिकारी टंकप्रसाद खत्रीका अनुसार कतिपय अवस्थामा प्रयोगशालाको प्रतिवेदन नआउँदै फैसला गर्नुपर्ने बाध्यता रहेको छ । एक प्रदेशमा कम्तीमा एउटा विधिविज्ञान प्रयोगशाला अनिवार्य हुनुपर्ने माग पटक-पटक उठेपनि राज्यले गम्भीरतापूर्वक नसुनेको टिप्पणी गरिएको थियो ।

उनका अनुसार प्रयोगशालाले एक वर्षमा सयभन्दा बढी प्रतिवेदन दिन नसक्दा न त न्याय प्रक्रिया समयमै अगाडि बढ्न सक्छ, न त पीडितले समयमा न्याय पाउँछन् । साथै, पीडितमैत्री कानुनको अभाव र प्रक्रिया झन्झटिलो हुँदा पीडितहरू आफैं प्रक्रियामा होस्टाइल हुने, आत्मपक्षमा बोल्न नसक्ने र निरुत्साहित हुने अवस्था देखिएको उनले बताए ।

वरिष्ठ न्यायाधीश श्यामजी प्रधानले सरकारी पक्षबाट प्रदान गरिने कानुनी सेवाहरू नागरिकमैत्री नभएको गुनासोलाई सम्बोधन गर्दै पत्रकारलाई यस्ता अवस्था देखिएमा जानकारी दिन आग्रह गरे । उनले अन्यायमा परेका नागरिकहरूलाई न्यायिक प्रक्रियासम्म पुर्‍याउनु पत्रकारको पनि जिम्मेवारी भएको बताउँदै समाज रूपान्तरणमा पत्रकारको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताए ।

अदालत परिसरमा शौचालय जस्तो आधारभूत सुविधा नहुँदा सेवा लिन आउनेहरूलाई समस्या हुने उल्लेख गर्दै उनले बजेट अभावका कारण यस्तो अवस्था देखिएको बताए । साथै, भौगोलिक कठिनाइका कारण अदालतमा उपस्थित हुन नसक्नेहरूका लागि भर्चुअल माध्यममार्फत सेवा उपलब्ध गराइएको जानकारी दिए ।

# जंगली जनावरको आतंकले डडेल्धुराका किसान हैरान

**दीपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ६ साउन



जंगली जनावरको बढ्दो आतंकले डडेल्धुरा जिल्लाका किसानहरू हैरान भएका छन् । बँदेल, बाँदर र मृगजस्ता वन्यजन्तुहरू खेतबारीमा लगाइएका अन्नबाली तथा तरकारीमा क्षति पुर्‍याउन थालेपछि कृषकहरू चिन्तित भएका हुन् । सात पालिकामा विभाजित डडेल्धुरा जिल्लामा यस्ता जनावरको नियन्त्रणका लागि कुनै योजना नबनिएको किसानहरूको गुनासो छ ।

हाल जिल्लाका विभिन्न गाउँमा मकै र दलहन बाली लगाइएको छ । तर, दिउँसो बाँदर र राति बँदेल तथा मृगले ती बाली सखाप पार्ने गरेका छन् । भागेश्वर गाउँपालिका-४ का कृषक अशोक भट्टका अनुसार, जनावरको अत्याचारले वर्षेनी बाली नष्ट हुने गरेको छ । तर, स्थानीय सरकारकोतर्फबाट नियन्त्रणका लागि कुनै ठोस पहल नभएको उनी बताउँछन् ।

खेतीप्रति घट्दो आकर्षण, बाँझो जमिनमा रूपान्तरण

करिब दुई दशक अघिसम्म भागेश्वर गाउँपालिका-४ डंगरीमा उत्पादन हुने तरकारी र भटमास डडेल्धुरासहित छिमेकी भारतसम्मको बजारमा चर्चित थिए । तर अहिले त्यहाँका किसानले यस्ता बाली न्यून मात्रामा मात्र लगाउने गरेका छन् । किसान मदन मालीका अनुसार, वन्यजन्तुको डरका कारण अधिकांशले तरकारी र दलहन खेती घरनजिक मात्र सीमित गरेका छन् ।

कृषक राज भट्ट भन्छन्, ‘जनावरको आतंकले खेती गर्नै मुस्किल भएपछि भारत जान बाध्य भएका छौं ।’ जंगली जनावरको नियन्त्रण नहुँदा गाउँका धेरै जमीनहरू बाँझो रहन थालेका छन् । खेतीयोग्य जमीन प्रयोगमा नआउँदा आत्मनिर्भरता घट्दै गएको स्थानीयको चिन्ता छ ।

**तीन वर्षमा एकको मृत्यु, पाँच घाइते**

डडेल्धुरामा जंगली जनावर, विशेषतः बँदेलको आक्रमण दिनानुदिन बढ्दो क्रममा छ । जिल्ला प्रहरी कार्यालयका अनुसार, २०७९ फागुन २१ गते अमरगढी नगरपालिका-३ का ५२ वर्षीय गणेश पल्लेको बदेलको आक्रमणबाट मृत्यु भएको थियो । पछिल्ला तीन वर्षमा बदेलको आक्रमणबाट पाँच जना घाइते भएका छन् । केवल बाली नष्टमात्र होइन, ज्यानसमेत जोखिममा पर्न थालेको स्थितिले चिन्ता बढाएको छ ।

**सात पालिकामा नियन्त्रण योजना नै छैन**

डडेल्धुरा जिल्लाका सातवटै स्थानीय तहमा जंगली जनावरको नियन्त्रणका लागि हालसम्म कुनै नीति वा योजना बनेको पाइँदैन । किसानको प्रमुख समस्याका रूपमा रहेको यो विषयप्रति सरकारी चासो न्यून रहेको देखिन्छ । यसको असरस्वरूप पहाडी क्षेत्रबाट बसाइँसराइ दर बढ्दो क्रममा रहेको तथा धेरै कृषक मजदुरीका लागि अन्यत्र जानुपर्ने बाध्यता रहेको छ ।

# अर्घाखाँची खानेपानी कार्यालयको वित्तीय प्रगति ९६ प्रतिशत

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ६ साउन



खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय अर्घाखाँचीले आर्थिक वर्ष २०८१/०८२ मा ९५.७३ प्रतिशत वित्तीय र ९६.१५ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ । कार्यालयका प्रमुख इन्जिनियर रामभरोस यादवका अनुसार, गुणस्तरीयता कायम राख्दै योजनाहरूको कार्यान्वयनमा ध्यान दिँदा यो प्रगति सम्भव भएको हो ।

कार्यालयको मातहतमा रहेको १८३ योजनामध्ये १६ योजनाको कार्य सम्पन्न गरी ४ हजार १५ घरधुरीमा ‘एक घर एक धारा’ योजनाअन्तर्गत खानेपानी सुविधा पुर्‍याइएको छ । प्रमुख यादवका अनुसार, ३६ वटा योजनाको ८० प्रतिशतभन्दा बढी काम सम्पन्न भएपनि बजेट अभावका कारण ती योजना पूर्णरूपमा सम्पन्न गर्न नसकिएको हो ।

उनले समयमै १२ करोड रुपैयाँको हाराहारीमा बजेट प्राप्त भएमा थप ४ हजार घरधुरीमा एक घर एक धारा योजनाअन्तर्गत सेवा विस्तार गर्ने लक्ष्य रहेको जानकारी दिए ।

कार्यालयले अनुगमन र प्राविधिक मूल्यांकन पश्चात् मात्र भुक्तानी गर्ने नीति अवलम्बन गर्दै आएको बताइएको छ । कार्यालय प्रमुख यादवले गत वर्षकै जस्तो अनुपातमा यस वर्षपनि बजेट प्राप्त भएको जानकारी दिए ।

शितगंगा नगरपालिका वडा नं. १० का पूर्ववडाध्यक्ष हिम्मत पोखेलले कार्यालयका प्राविधिक कर्मचारीहरू नियमितरूपमा फिल्डमा पुगेर गुणस्तरीय काम गराउँदै आएको जानकारी दिए । सन्धिखर्क नगरपालिका वडा नं. ६ का स्थानीय बासिन्दा प्रकाश महत्राले कार्यालयको कामप्रति स्थानीय बासिन्दा र जनप्रतिनिधिहरूले खुलेर प्रशंसा गर्दै आएको बताए ।

सवइन्जिनियर गोविन्द आचार्यका अनुसार, प्रमुख यादवको निर्देशनमा प्राविधिकहरू बिहानदेखि बेलुकासम्म र बिदाका दिनसमेत फिल्डमा खटिने गरेका छन् । योजनाहरू तोकिएको समयमै सम्पन्न गर्नका लागि कर्मचारीहरू दिनरात नभनी सक्रिय छन् ।

जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाका अनुसार, कार्यालयका प्राविधिकहरू निरन्तर उपभोक्ता तथा जनताको सेवामा खटिएको देखिन्छ । प्राविधिक रामप्रसाद पोखेलका अनुसार, योजनाको कार्यान्वयन उपभोक्ता समितिमार्फत हुने भएकाले उपभोक्तालाई सहजीकरण गर्न प्राविधिकहरू नियमित रूपमा फिल्डमा खटिनु बाध्यताजन्य बनेको छ । स्थानीय तह र उपभोक्तासँग सहकार्य गर्दै गुणस्तरीय कार्य सम्पन्न गरिरहेको खानेपानी कार्यालय अर्घाखाँचीले सोचिएकोभन्दा बढी प्रगति गर्न सफल भएको स्पष्ट देखिएको छ ।

हार्दिक बधाई तथा शुभकामना

Prabhu Money Transfer
प्रभुको इच्छा
Prabhu Money Transfer P. LTD.
Kamaladi-31, Kathmandu, Nepal
Phone No. 01-4169277, 4169278
4169279, 4169280, 4169281
Toll Free No.:16600144444
Web: www.prabhumoneytransfer.com.np
२५ औं वर्षमा प्रवेश

आफ्नो स्थापनाकालको चौबिसौं वर्ष सफलतापूर्वक पुरा गरी पच्चीसौं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Prabhu Bank
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-5719000
SWIFT: PRVUNPKA|www.prabhubank.com

Prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)
Prabhu Capital Limited
Kamaladi, Kathmandu,
Phone No : 01-4169100

जानकी फाइनान्स कम्पनी लि.
Janaki Finance Company Ltd.
जनकपुर धाम, नेपाल
Phone No.: 041-590586, 041-590587
Fax: 041-590588
E-mail: janakicompanyltd@gmail.com

श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.
SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.
Address: Golbazar MP-7, Choharwa (Siraha)
Email: info@shrijanshil.com.np
Contact: 033-401045, 401084
Website: www.shrijanshil.com.np

Reliable Life INSURANCE LTD.
...Reliable Forever
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4523618, 4523630, Fax No: +977-01-4523657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
HEAD OFFICE
Lamki Chuha, Kailali
Tel. No.: 091-540426/540450 Fax no.: 540103
Email : info@kisancoop.com.np
Web : www.kisancoop.com.np

NAVAJEEVAN CO-OPERATIVES LTD.
Dhangadi, Kailali, Ph.: 091-520283

BID Enterprises
Campus Road, Kankai Complex
Surunga, Jhapa
Ph.: 023-550281
Mob.: 9806039111

Shikhar Remit
Suryabinayak Chowk
(In Front Of Prabhu Bank), Bhaktapur
Ph.: 01-6616016
Mob.: 9841247060

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

विश्वको कुनै पनि ठाउँबाट नेपालभर पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800 www.nepalremit.com

MARCH

खानीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साल्मेचाकल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०७**

यस कार्यालयको लागि आ.व. २०८२/०८३ मा तपशिल बमोजिमका सामानहरु तथा सेवाहरु एकै पटक वा पटक-पटक आपूर्ति गर्न गराउनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकोले सो कार्यको लागि आवश्यक योग्यता पुगेका इच्छुक सम्बन्धित इजाजत प्राप्त व्यक्ति, संस्था, आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले एक भन्दा बढी कार्यहरुको लागि छुट्टाछुट्टै विवरण भरी यस कार्यलयमा सूची दर्ता गराउनको लागि आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

**(क) मालसामान आपूर्ति तथा मर्मत तर्फ :**

१) स्टेशनरी, मसलन्द तथा कार्यालय सम्बन्धी सामानहरु आपूर्ती कार्य ।
२) छपाइ गर्ने र त्यस सम्बन्धी सामानहरु आपूर्ती कार्य ।
३) फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य ।
४) Computer, Laptop, Printer, Fax, Photocopy Machine, Telephone Set, Projector आपूर्ती र मर्मत कार्य ।
५) खानेपानी (मिनरल र ड्रिङ्किङ्ग वाटर) आपूर्ती कार्य ।
६) सवारी साधन (कार, जिप, मोटरसाइकल, दमकल, हेवी इक्वीपमेन्ट) र सोका पार्टपूर्जाहरु सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य ।
७) मेडिकल उपकरण सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य ।
८) औषधि तथा औषधिजन्य सम्बन्धी सामानहरु आपूर्ती कार्य ।
९) कृषिजन्य तथा सरसफाइजन्य सामाग्रीहरुको आपूर्ती कार्य ।
१०) ईन्जिनियरिङ सम्बन्धी सामानहरु आपूर्ती कार्य ।
११) खानेपानि, सडक, बिद्युत, सिंचाई लगायतका निर्माण तथा सोका सामानहरुको आपूर्ति तथा मर्मत सम्भार कार्य ।
१२) यस कार्यालय र अन्तर्गत कार्यालयहरुको लागि आवश्यक पर्ने मेशिनरी सामान (जेनेरेटर, इन्भर्टर, युपिएस, भ्याकुम क्लिनर आदि) सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य ।

**(ख) निर्माण कार्य तर्फः**

१) सार्वजनिक सम्पत्ति (भवन, वाल बाउन्ड्री, ट्रस आदि) निर्माण तथा सो को मर्मत सम्भार कार्य ।
२) कार्यालय अन्तर्गतको सम्पत्ति, पार्क, सार्वजनिक स्थल, बगैचा निर्माण, संचालन तथा मर्मत कार्य ।
३) भौतिक निर्माण तथा मर्मत सम्भार कार्य ।

**(ग) अन्य सेवा तर्फ :**

१) कुरियर सेवा सम्बन्धी कार्य ।
२) विज्ञापन तथा सूचना प्रकाशन तथा प्रशारण गर्ने कार्य ।
३) श्रव्य दृश्य सामाग्री निर्माण तथा प्रशारण गर्ने कार्य ।
४) कार्यालय सरसफाई, कार्यालय सुरक्षा, बगैचा व्यवस्थापन सेवा, प्लम्बिङ्ग तथा वेरिङ्ग सेवा, वार्षिक रुपमा मर्मत सम्भार सेवा ।
५) विमा सम्बन्धी सेवा ।
६) इन्टरनेट तथा नेटवर्कीङ्ग सेवा ।

**(घ) परामर्श सेवा तर्फ :**

१) Consultancy Service (योजना तर्जुमा, वित्तिय अध्ययन, अनुसन्धान, अनुगमन, निरिक्षण, इष्टिमेट गर्ने, गुरुयोजना, डिपिआर लगायतका प्रविधिक तथ विशेषज्ञ सेवा) को कार्य ।
२) वेबसाइट डिजाइन संचालन अपडेट, सफ्टवेयर निर्माण सम्बन्धी कार्य ।
३) इन्जिनियरिङ्ग, ड्रइङ, डिजाइन निर्माण सुपरिवेक्षण गर्ने कार्य ।

**निवेदकले पेश गर्नुपर्ने कागजातहरूको विवरणः**

क) कम्पनी/संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
ख) स्थायि लेखा नंम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
ग) कम्पनी/संस्था/फर्म नविकरण/अद्यावधिकको प्रमाणित प्रतिलिपि ।
घ) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
ङ) आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्रको प्रमाणित प्रतिलिपि ।

**अन्य जानकारीहरूः**

१) माथि उल्लेख गरिएका निवेदकले पेश गर्नुपर्ने विवरणहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ ।
२) माथि उल्लेखित एक भन्दा बढी कार्य एउटै कम्पनी/संस्था/फर्मबाट गर्ने भएमा छुट्टाछुट्टै कार्यको लागि छुट्टाछुट्टै सूची दर्ता गराउनु पर्नेछ ।
३) सूचीकृत भएका कम्पनी/संस्था/फर्मबाट कार्यालयको आवश्यकता अनुसार सामान वा सेवा वा निर्माण कार्य गर्न सकिनेछ ।
४) सूचीकृत भएका कम्पनी/संस्था/फर्म हरुले सन्तोषजनक सामान वा सेवा वा निर्माण कार्य गर्न नसकेमा सूचिकृतबाट हटाउन सकिनेछ । सो उपर कुनै दावी विरोध लाग्नेछैन ।
५) कम्पनी/संस्था/फर्म सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
६) सूचीकृत गराउन चाहने कम्पनी/संस्था/फर्म ले आफ्नो फर्मको ठेगाना, सम्पर्क नं. मोबाइल नं. र सम्पर्क व्यक्ति समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘निरन्तर प्रशिक्षणको अवसर पाए खेलाडीले पदक जित्छन्’




**काठमाडौं/मस–** राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य-सचिव टंकलाल घिसिङले मिसन- २०२६ राष्ट्रलाई खुशी बनाउने योजना भएको बताएका छन् । गत आर्थिक वर्षमा मिसन-२०२६ अन्तर्गत राष्ट्रिय टिम तयारीको विशेष प्रशिक्षणमा सहभागी १० खेल संघका पदाधिकारी र मुख्य प्रशिक्षकको उपस्थितिमा सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा भएको बैठकलाई सम्बोधन गर्दै सदस्य-सचिव घिसिङले सो कुरा बताएका हुन् ।

‘मिसन- २०२६ देशलाई खुशी बनाउने योजना हो । यो जापानमा हुने २०औं एसियाली खेलकुदमा स्वर्णसहित दोहोरो अंकमा पदक जित्ने योजना हो । त्यतिबेलासम्म म पूर्व भइसकेको हुन्छु । त्यसले कुनै फरक पर्दैन । तर खेलाडीले निरन्तर प्रशिक्षणको अवसर पाउनुपर्छ, अनि मात्र खेलाडीले पदक जित्न सक्छन्,’ सदस्य-सचिव घिसिङले भने, ‘यो योजनालाई सफल बनाउन खेल संघको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ। एसियाली खेलकुद आउन अब मात्र १३ महिना बाँकी छ । यो अवधिमा कुन-कुन समय के गर्ने भन्ने स्पष्ट र ठोस कार्ययोजना एक साताभित्र बुझाउनुस् ।’

उनले खेलाडीको प्रशिक्षणका लागि संघले अन्तर्राष्ट्रिय दायरा फराकिलो बनाउनुपर्नेमा जोड दिँदै अन्य देश, आ-आफ्नो अन्तर्राष्ट्रिय महासंघ र दूतावाससँग सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याए । सदस्य-सचिव घिसिङले मिसन-२०२६ का लागि हाल २ करोड ७० लाख मात्र छ भनेर चिन्ता नगर्न आग्रह गर्दै संघहरुबाट ठोस योजना आए बजेटका लागि गम्भीर भएर पहल गरिने प्रतिबद्धता जनाए ।

उनले नेपाल हाइ पर्फमेन्स सेन्टर र खेलकुद विज्ञान अनुसन्धान केन्द्र स्थापना हुनुले पनि खेलाडीको क्षमतामा उल्लेख्य सुधार हुने बताए ।

राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्टले प्रशिक्षणलाई अझ कसरी सशक्त र प्रभावकारी ढंगले अगाडि बढाउन सकिन्छ भन्ने सुझाव लिन बैठक राखिएको बताउँदै खेलाडीको फिटनेस टेस्टपछि प्रशिक्षण सुरु हुने बताए ।

सहभागी खेल संघका प्रतिनिधि र मुख्य प्रशिक्षकले खेल सामग्री, इभेन्ट्स, एक्सपोजर, खेलस्थल, खेलाडी कोटा, विदेशी प्रशिक्षकको व्यवस्था वा वैदेशिक प्रशिक्षण, सुविधामा वृद्धि, खुराक, स्पाइरिङ पार्टनरको व्यवस्थालगायतका विषयमा धारणा राखेका थिए ।

जापानमा हुने एसियाली खेलकुदमा स्वर्णसहित दोहोरो अंकमा पदक जित्ने लक्ष्यसहित राखेपले आ.व. २०८०/८१ देखि मिसन-२०२६ अन्तर्गत राष्ट्रिय टिम तयारीको विशेष प्रशिक्षण सुरु गरेको थियो । कुनैपनि एसियाली खेलकुद वा अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि लामो समयको तयारी सुरु गरिएको नेपाली खेलकुदको इतिहासमै पहिलोपटक हो । गत आ.व.मा पारा तेक्वान्दोसहित विभिन्न १० खेलका ९९ खेलाडी र २२ प्रशिक्षकसहित १ सय २१ जनालाई सुविधासहित विशेष प्रशिक्षणमा राखिएको थियो ।

# दबाब र थकानले उपाधि जित्नबाट चुक्यौं : प्रशिक्षक गुरुङ



**काठमाडौं/मस–** नेपाली यु-२० महिला टोलीका प्रशिक्षक याम गुरुङले सेट पिसमा गोल गर्ने योजना सफल नहुँदा र खेलाडीमा धेरै थकानले गर्दा साफ यु-२० महिला च्याम्पियनसिपको उपाधि जित्न असफल भएको बताएका छन् ।

बंगलादेशमा मंगलबार सम्पन्न यु-२० महिला च्याम्पियनसिपमा यसपल्ट पनि उपविजेतामै सीमित भएको नेपाली टोली बुधबार स्वदेश फर्किएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रशिक्षक गुरुङले अन्तिम खेलमा जित्नैपर्ने दबाब र पाँच वटा खेल २४ घण्टाको अन्तरमा खेल्नुपर्दा खेलाडीमा थकान रहेकाले सोचेअनुरूप प्रदर्शन हुन नसकेको बताए ।

धेरै राम्रो रहेको बंगलादेशको टोलीविरुद्ध खेल्दा आफ्ना खेलाडीले राम्रो आराम गर्न नपाउनुले समस्या भएको प्रशिक्षक गुरुङको भनाइ छ। विपक्षी आफूहरू भन्दा बिल्डअपमा धेरै राम्रो रहेकाले सेट सिपमा ध्यान दिएर खेलेपनि त्यसमा सफल नभएको प्रशिक्षक गुरुङ बताउँछन् ।

निर्णायक खेलमा घरेलु टोली बंगलादेशसँग ४-० ले सहजै पराजित हुँदा नेपाली टोली चार राष्ट्र रहेको च्याम्पियनसिपमा उपविजेतामै सीमित भएको थियो। प्रशिक्षक गुरुङले विपक्षी टोलीसँग सात जना राष्ट्रिय टोलीको सदस्य रहँदा उनीहरूले त्यसको सदुपयोग गरेको पनि उल्लेख गरे ।

बंगलादेशको अनुभवी खेलाडी, होम ग्राउन्ड र आफ्ना खेलाडी थकित हुँदा अन्तिम खेलको नतिजामा धेरै फरक परेको उनको बुझाइ छ । उनले ट्याक्टिल समस्याभन्दा पनि थकान हुँदा मसल टाइट भएपछि राम्रोसँग खेल्न नसकेको दाबी गरे । उपाधिविहीन भए पनि ठूलो दर्शकका माझ कसरी खेल्ने भन्नेबारे खेलाडीले सिकेको प्रशिक्षक गुरुङले बताए । टोलीकी महत्वपूर्ण सदस्य मिना देउवाले आफ्नो पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता भएपनि बिना डर र दबाब खेल्ने प्रयास गरेको बताइन् । आफूले सोचेअनुरूप खेल्न सकेकोमा खुशी लागेको उनको भनाइ छ । अन्तिम खेलबाहेक सबै खेलमा राम्रो प्रदर्शन गरेको उनले स्वीकार गरिन् । यसपल्ट जितेर नै जान्छौं भन्ने लक्ष्यसहित खेले पनि नतिजा फरक आएको उनले बताइन् ।

# एरिका र अञ्जनालाई इनर ह्विलको सम्मान




**काठमाडौं/मस–** एसियाली खेलकुदकी रजत विजेता कराँते खेलाडी एरिका गुरुङ र नेपाली राष्ट्रिय महिला फुटबल टिमकी गोलकिपर अञ्जना राना मगर मंगलबार भक्तपुरको मध्यपुरमा नगदसहित सम्मानित भएका छन् ।

कराँते वान प्रिमियर लिगमा कांस्य, थाइल्यान्ड ओपन र युएस ओपनमा स्वर्ण तथा एसियन च्याम्पियनसिपमा रजत जितेकी कराँते स्टार एरिका र फुटबलकी सनसनी अञ्जनालाई मध्यपुर स्थित इनर ह्विल क्लबले २५ हजार रुपैयाँ नगदसहित सम्मान गरेको हो । नेपाली खेलकुदमा उल्लेखनीय योगदान गरेबापत दुवै खेलाडीलाई डा. सृष्टी उत्कृष्ट महिला खेलाडीको अवार्ड प्रदान गरिएको आयोजकले जनाएको छ ।

क्लबकी संस्थापक तथा इनर ह्विल डिस्ट्रिक्ट ३५० की उपाध्यक्ष डा. सृष्टी श्रेष्ठ प्रजापतीले खेलाडीलाई सम्मान गर्दै खेलकुदमा महिलाको सहभागिता र सफलतालाई सम्मान गर्न पाउनु आफ्नै लागि पनि गौरवको विषय रहेको बताइन् । उनले आगामी वर्षहरूमा पनि यस्ता उदाहरणीय खेलाडीलाई सम्मानित गर्ने क्रमलाई अझ व्यापक बनाउँदै लाने प्रतिबद्धता जनाइन्।

सम्मानित हुने दुवै खेलाडीले निजी स्तरबाट हुने यस्ता सम्मानले आफूहरुलाई देशका लागि अझ समर्पित भएर खेल्न ऊर्जा मिल्ने बताउँदै आयोजकलाई धन्यवाद दिए ।

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **ABC Overseas Pvt. Ltd.** (श्रम इजाजत न.: ५०९/०६१/६२) मा निम्न कर्मचारी मिति २०८२ असार २७ गते देखि यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा. लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि व्यक्तिगत आर्थिक कारोबार नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ। यदि यसो गरे गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा. लि.मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम, थर | नागरिकता नं. | पद | ठेगाना |
|---|---|---|---|---|
| १. | मनिषा अधिकारी | २६-०१-७५-०१३३७ | रिसेप्सन | निलकण्ठ न.पा.-१४ |

**ABC Overseas Pvt. Ltd.** श्रम इजाजत न. ५०९/०६१/६२
Sambhu Marg, Sinamangal, Kathmandu, Ph. 01-4578783, Email : abcoverseas@gmail.com

## डिभिजन वन कार्यालय संखुवासभा
### शिलबन्दी बोलपत्रको माध्यमबाट यार्सागुम्बा लिलाम बिक्री गर्ने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०७**

श्री संखुवासभा जिल्ला अदालत चैनपुरको मिति २०८२/०३/०४ को आदेशानुसार हाल विचराधीन अवस्थामा रहेको १.६७० के.जी. यार्सागुम्बा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ वन पैदावरको कारोवार गर्ने गरी मु.अ.कर/PAN मा दर्ता भएको ईच्छुक व्यक्ति वा फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभत्र शिलवन्दी बोलपत्र खरिद गर्न तोकीएको शर्तहरुको अधिनमा रही दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ। वृस्तित सूचना यस कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०४/०७**

**बानेश्वर सेकुवा प्रा. लि.** को मिति २०८२/०२/०१ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लिक्वर पासा प्रा. लि. (प्रा. लि. नं. ३०८६३५)** कायम गर्ने गरी मिति २०८२/०२/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## बहराइनमा रोजगार

कम्पनीः MOHAMMED AHMADI CO. W.L.L. शहरः MANAMA
पूर्व स्वीकृत मितिः २०८१/०८/०७ चलानी नं.: ६०२२८४५० LT. No.: 314025 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | security guard | 5 | 1 | सम्बन्धित काममा दक्ष | 120 | ४३,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | office boy | 4 | 0 | | 110 | ४०,२०० | | | | | | |
| 3. | general worker/p.o. | 32 | 0 | | 100 | ३६,५४६ | | | | | | |
| 4. | cleaner general | 25 | 23 | | 100 | ३६,५४६ | | | | | | |
| 5. | general cleaner worker (male) | 16 | 0 | | 100 | ३६,५४६ | | | | | | |
| 6. | cleaning supervisor | 1 | 1 | | 150 | ५४,८१५ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १४ गते (30 July 2025) मा हुनेछ ।**

